# सङ्ग्रहालयबारे नेपाली आगन्तुकहरूको बुझाई र सेवाहरूप्रतिको धारणा

(अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखराको एक मानवशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
पृथ्वीनारायण क्याम्पस मानवशास्त्र विभाग स्नातकोत्तर तह
दास्रो वर्षको मानवशास्त्र विषयको दसौ पत्रको
आंशिक आवश्यकता पुरा गर्न
तयार पारिएको
शोधपत्र


**शोधकर्ता**
राजन जोशी
भर्ना रोल नं : ८०/०६९
त्रि.वि दर्ता नं. ४०४२९-९१
परीक्षा क्रमाङ्क : ४८०४३८



त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस
पोखरा
२०७६

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथवीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत मानवशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूर्तिको निम्ति शोद्यार्थी छात्र **राजन जोशी**द्वारा **सङ्ग्रहालय बारे नेपाली आगन्तुकहरूको बुझाई र सेवाहरूप्रतिको धारणा (अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखराको एक मानवशास्त्रीय अध्ययन**) शीर्षकमा शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको कार्यप्रति म सन्तुष्ट छु । उक्त शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

______________________

(अर्जुन प्रसाद पोखरेल)

**शोध निर्देशक**

मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मितिः २०७६ असार २३ गते

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत मानवशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूर्तिको निम्ति रोल नम्बर ८०/०६९ का शोधार्थी **राजन जोशी**द्वारा **सङ्ग्रहालयबारे नेपाली आगन्तुकहरूको बुझाई र सेवाहरूप्रतिको धारणा (अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखराको एक मानवशास्त्रीय अध्ययन)** शीर्षकको शोधपत्र मानवशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि उचित ठहरिएकोले स्विकृति प्रदान गरिएको छ ।

**<u>मूल्याङ्कन समिति</u>**

____________________

(अर्जुन प्रसाद पोखरेल)
**शोध निर्देशक**
मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

____________________

जनार्दन थापा
उप-प्राध्यापक
**बाह्य परीक्षक**
पृथ्वीनारायण क्याम्पस, पोखरा

____________________

जनार्दन थापा
**विभागीय प्रमुख**
मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

**मितिः २०७६ श्रावण १० गते**

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस पोखराको मानविकी तथा मानवशास्त्र सङ्कायअन्तर्गत मानवशास्त्र विषयमा स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता पूरा गर्नको निमित्त **सङ्ग्रहालय बारे नेपाली आगन्तुकहरूको बुझाई र सेवाहरू प्रतिको धारणा** शीर्षकमा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरूको बारेमा अध्ययन गरी यो शोधपत्र तयार गर्न पाउँदा गौरवान्वित भएको महसुस गरेको छु ।

अध्ययनको सिलसिलामा अमूल्य सहयोग, सुझाव तथा प्रेरणा प्रदान गरी पथप्रदर्शन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु अर्जुन प्रसाद पोखरेलप्रति हार्दिक आभार व्यक्त गर्दछु । मैले पेश गरेको शोध शीर्षकलाई अध्ययनको लागि अनुमति प्रदान गर्नुहुने पृथ्वीनारायण क्याम्पस मानवशास्त्र विभागीय प्रमुख तथा आदरणीय गुरु जनार्दन थापाप्रति आभार व्यक्त गर्दै मानवशास्त्र विभागका सम्पूर्ण गुरुवर्गहरूमा कृतज्ञता प्रकट गर्न चाहन्छु । तथ्याङ्क सङ्कलनको क्रममा महत्त्वपूर्ण समय एवम् जानकारीहरू उपलब्ध गराउने अर्न्तराष्ट्रिय पर्वतीय सङ्ग्रहालयका आगतन्तुक तथा सूचनादाता लगायत कर्मचारीहरू पनि धन्यवादका पात्र हुनुहुन्छ ।

स्नातकोत्तर अध्ययनका लागि प्रेरित गर्नुहुने मेरी आमा टिकालक्ष्मी जोशी र श्रीमती सरस्वती श्रेष्ठ (जोशी), अध्ययनको क्रममा मलाई समय दिएकोमा मेरो छोराहरू सौगात जोशी र सौरब जोशी लगायत मेरो सम्पूर्ण घरपरिवार प्रति कृतज्ञता ज्ञापन गर्दछु । यसमा पनि मेरो जीवनसाथीप्रति विशेष ऋणी छु । प्रिय मित्र ओम बहादुर पौडेल जसले सदैव अध्ययनको लागि हौसला दिनु भई आज सफल भएको छु तसर्थ वहाँप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

लेखन कार्यमा सल्लाह दिनु हुने सम्पूर्ण सहयोगी महानुभावहरू प्रति आभारी छु । अध्ययन अनुसन्धानका क्रममा अन्तर्वार्ता अनुसूची भरी सहयोग गरिदिनुहुने सम्पूर्ण प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा शोधपत्रलाई सेटिङ, प्रिन्टिङ र वाइन्डिङ गरी शोधपत्रको ढाँचा तयार गरी सहयोग गर्नुहुने श्रेष्ठ कम्प्युटर सर्भिसलाई पनि धन्यवाद दिन चाहन्छु ।

राजन जोशी

# विषय सूची


| | पृष्ठ |
|---|---|
| *सिफारिस पत्र* | *i* |
| *स्वीकृति पत्र* | *ii* |
| *कृतज्ञता ज्ञापन* | *iii* |
| *विषय सूची* | *iv* |
| *तालिका सूची* | *vii* |
| *चित्र सूची* | *viii* |
| *शोधसार* | *ix* |
| **अध्याय- एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययनको महत्त्व | ६ |
| १.५ अध्ययनको सीमा | ७ |
| **अध्याय-दुई : पूर्व साहित्य समीक्षा** | |
| २.१ अवधारणात्मक समीक्षा | ८ |
| २.१.१ साँस्कृतिक केन्द्रको रूपमा सङ्ग्रहालय | ९ |
| २.१.२ सङ्ग्रहालय र समाज | १० |
| २.१.३ अनौपचारिक शैक्षिक स्थल | १० |
| २.१.४ पर्यटकिय तथा मनोरञ्जन स्थल | ११ |
| २.२ सैद्धान्तिक समीक्षा | |
| २.२.१ प्रसारवाद | १२ |

२.३ पुर्व अध्ययनहरूको समीक्षा १४

२.४ अवधारणात्मक ढाँचा १५

**अध्याय-तीन : अनुसन्धान विधि**

३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य १८

३.२ अनुसन्धानको ढाँचा १८

३.३ तथ्याङ्कको प्रकृति र श्रोतहरू १९

३.४ समग्रता एवं नमुना छनौट १९

३.५ तथ्याङ्क सङ्कलन विधि २०

३.५.१ अवलोकन २०

३.५.२ अन्तर्वार्ता २०

३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण २१

**अध्याय-चार : अध्ययन क्षेत्रको सङ्क्षिप्त परिचय तथा वस्तुस्थिति**

४.१ सङ्ग्रहालय रहेको स्थान २२

४.२ सङ्ग्रहालयको प्रदर्शनी २२

४.३ सङ्ग्रहालयमा भएका सुविधाहरू २९

४.४ आगन्तुकहरूको आगमनको विवरण ३०

४.५ सङ्ग्रहालयमा आगन्तुकहरूको वर्गिकरण तथा प्रवेश शुल्क दर ३१

४.६ सङ्ग्रहालयमा कर्मचारीहरू ३२

४.७ सञ्चालन व्यवस्था ३२

**अध्याय-पाँच : सङ्ग्रहालय बारे नेपाली आगन्तुकहरूको बुझाई**

५.१ लिङ्ग, उमेर, भौगोलिक क्षेत्र, शिक्षा र पेशाको आधारमा उत्तरदाताहरूको बनोट ३३

५.२ सङ्ग्रहालय भ्रमण पटक ३८

५.३ एकल अथवा समूहगत भ्रमण ३९

५.४ भ्रमणको उद्देश्य ४०

५.५ योजना बनाएर अवलोकन गर्न आएका वस्तुहरू ४०

५.६ आगन्तुकहरूले बढी रुचाएका वस्तुहरू ४१

५.७ सङ्ग्रहालयबारे बुझाई ४१
५.८ सङ्ग्रहालय र राजनीतिविच सम्बन्ध ४३
५.९ सङ्ग्रहालय र समाज ४४
५.१० सङ्ग्रहालयमा प्रदर्शन गर्नुपर्ने वस्तुहरू बारे धारणा ४५
५.११ सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरूको अवलोकन बाट भएको अनुभव ४६
५.१२ सङ्ग्रहालय र पहिचान ४७
४५ **अध्याय - छ : सङ्ग्रहालयमा उपलब्ध सेवा बारे आगन्तुकहरूको धाराणा**
६.१ जानकारी तथा सूचनाको माध्यम ४९
६.२ एरो चिन्हको आवश्यकता बारे धारणा ५०
६.३ एरो चिन्हको प्रयाप्तता ५०
६.४ एक्स्प्लोर एप्स बारे जानकारी, प्रयोग तथा अनुभव ५१
६.५ सङ्ग्रहालयमा भएको सुविधाहरूको प्रयोग तथा सन्तुष्टि ५२
६.६ सुविधा प्रयोग बारे धारणा ५३
६.७ प्रवेश टिकट दर ५३
६.८ सङ्ग्रहालयको भ्रमण बारे धारणा ५४
६.९ सङ्ग्रहाल प्रति सुझाव तथा अपेक्षा ५५
**अध्याय - ७ सारांश, निष्कर्ष र सुझावहरू**
७.१ अध्ययनको साराशं ५७
७.२ मुख्य प्राप्तिहरू ५८
७.३ निष्कर्ष ६१
७.४ सुझावहरू ६२

**सन्दर्भ सामग्रीहरू**
**अनुसूचीहरू**

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.५ | आगन्तुक वर्गिकरण तथा प्रवेश शुल्क दर | ३१ |
| ५.१.१ | लिङ्ग तथा उमेरका समूहको आधारमा उत्तरदाता विवरण | ३४ |
| ५.१.२ | आगन्तुकको भौगोलिक विवरण | ३५ |
| ५.१.३ | शिक्षाको आधारमा उत्तरदाता | ३६ |
| ५.१.४ | पेशाको आधारमा उत्तरदाता | ३७ |
| ५.३ | एकल तथा कसैको साथमा भ्रमण | ३९ |
| ५.४ | सङ्ग्रहालय भ्रमणको उद्देश्य | ४० |
| ५.६ | आगन्तुकहरू बढी आकर्षित भएका वस्तुहरू | ४१ |
| ५.८ | सङ्ग्रहालय र राजनीतिविचको सम्बन्ध बारे धारणा | ४४ |
| ५.९ | सङ्ग्रहालयमा समाजको स्वरूप प्राप्त बारे धारणा | ४४ |
| ५.११ | प्रदर्शित वस्तुहरूको अवलोकन बाट प्राप्त भएको अनुभव विवरण | ४७ |
| ५.१२ | सङ्ग्रहालयले दिने पहिचान बारे धाराणा | ४७ |
| ६.१ | सङ्ग्रहालयबारे जानकारी तथा सूचनाको माध्यम | ४९ |
| ६.२ | सङ्ग्रहालयमा एरो चिन्हको आवश्यकता | ५० |
| ६.४ | एक्सप्लोर एप्स बारे जानकारी | ५१ |
| ६.५ | उपलब्ध सुविधाहरूको प्रयोग | ५२ |
| ६.६ | आगन्तुकहरूको सुविधा प्रयोग बारे धारणा | ५३ |
| ६.७ | प्रवेश टिकट दर बारे धारणा | ५३ |
| ६.८ | सङ्ग्रहालयको भ्रमण बाट प्राप्त सन्तुष्टि बारे धारणा | ५४ |

# चित्र सूची


| चित्र | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.२.१.१ | नेपालको पर्वतीय मानव कक्ष | २३ |
| ४.२.१.२ | अन्य राष्ट्रका पर्वतीय मानव कक्ष | २३ |
| ४.२.२.१ | विश्वको अग्लो पर्वत कक्ष | २४ |
| ४.२.२.२ | भौगर्भिक कक्ष | २५ |
| ४.२.२.३ | जिवजन्तु वनस्पति कक्ष | २५ |
| ४.२.२.४ | पाँच व्यक्तित्व कक्ष | २६ |
| ४.२.३.१ | पर्वतारोहण इतिहास कक्ष | २६ |
| ४.२.३.२ | पर्वतारोहण सामाग्री कक्ष | २७ |
| ४.२.३.३ | पर्यावरण कक्ष | २७ |
| ४.२.३.४ | सगरमाथा प्रतिविम्बित कक्ष | २८ |
| ४.२.४ | सगरमाथाको ढुङ्गा | २८ |
| ४.३.२ | ढुङ्गको मनासलु हिमालको नमुना | २९ |
| ४.४ | आ.व. २०७४/०७५ को आगन्तुक सङ्ख्या प्रतिशत | ३० |
| ५.२ | आगन्तुक भ्रमण पटक प्रतिशतमा | ३८ |

# शोध सार

नेपालीहरूले भ्रमणगर्ने विभिन्न स्थलहरू मध्ये सङ्ग्रहालय पनि एउटा  आकर्षण स्थल हो । सङ्ग्रहालय भ्रमण गर्ने नेपालीहरूको सङ्ख्या उल्लेख्य रहेको अवस्थामा सङ्ग्रहालय बारे नेपाली आगन्तुकहरूको बुझाई र सेवाहरू प्रतिको धारणा के कस्तो रहेछ भनेर बुझ्ने यो अध्ययनको उद्देश्य रहेको छ ।

यस अध्ययनको अनुसन्धानात्मक प्रश्नहरूमा नेपाली आगन्तुकहरूले सङ्ग्रहालयलाई के कसरी बुझेका छन् ? सङ्ग्रहालयले नेपाली आगन्तुकहरूको चाहना तथा इच्छालाई के कति पुरागर्न सकेको छ ? र सङ्ग्रहालयले प्रदान गर्ने सेवा प्रति आगन्तुकहरूको धारणा कस्तो छ ? जस्ता प्रश्नहरू तयार गरिएको छ भने उद्देश्यमा सङ्ग्रहालय बारे नेपाली आगन्तुकहरूको बुझाईको विश्लेषण गर्ने र सङ्ग्रहालयमा उपलब्ध सेवाहरू बारे आगन्तुकहरूको धारणा र अपेक्षाहरु बारेमा विश्लेषण गर्ने रहेको छ । अध्ययनलाई पुरागर्न अपनाउनु पर्ने आवश्यक अनुसन्धान विधि अन्तर्गत तथ्याङ्क संकलन गर्नका लागि अवलोकन तथा अन्तर्वार्ता विधि अपनाईएको छ । अन्तर्वार्ताको सन्दर्भमा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा मिति २०७६ बैशाख १५ गते देखि मिति २०७६ जेष्ठ १४ गते सम्म एक महिना अवधिमा भ्रमण गर्नुहुने १६ वर्ष देखि ६० वर्ष उमेरव समूहका नेपाली आगन्तुकहरु मध्ये १०५ जना लाई उद्देश्यपूर्ण तथा सुविधाजनक तरिकाले नमुना छनौट गरी असंरचनात्कम रूपमा अन्तर्वार्ता लिएको छ ।

यस अध्ययनबाट प्राप्त भएको मुख्य प्राप्तिहरुमा आगन्तुकहरुको सामाजिक/साँस्कृतिक पृष्ठभूमी अन्तर्गत थोरै मात्रामा भएपनि पुरुष आगन्तुको संख्या बढी रहेको छ । शिक्षाको आधारमा उच्च शिक्षा अध्ययन गर्ने आगन्तुकहरुको संख्या अत्यधिक रहेको छ भने भ्रमण गर्दा एक्लै आउने विरलै रहेको पाइएको छ । त्यसैगरी संग्रहालय वारे बुझाई अन्तर्गत धेरैजसो आगन्तुकहरु जानकारी लिनका लागि आउने गरेको पाइएको छ । संग्रहालयलाई ऐतिहासिक, पुरातात्विक, जातिय, साँस्कृतिक वस्तुहरु भेलागरेर देखाउने ठाउँ, शिक्षा तथा जानकारी दिने ठाउँ, विषय वस्तु अनुसारका वस्तुहरु संङ्कलन गरेर राख्ने ठाउ, मनोरञ्जन गर्न घुम्ने ठाउँ, पुराना वस्तुहरु सङ्कलन गरेर आउँदा पिडीहरुलाई बचाई राख्ने ठाउँ भनेर बुझेको पाइएको छ । आगन्तुकहरुको सेवा प्रतिको

धारणा अन्तर्गत यहाँ भ्रमणगर्नु हुने दुईतिहाई भन्दा बढी आगन्तुकहरु उपलब्ध सेवाहरु बाट सन्तुष्ट भएको पाईएको छ । यहाँ उपलब्ध आधुनिक नयाँ सुविधा अन्तर्गत राखिएको म्यूजियम एक्सप्लोर एप्स (मोबाइल गाइड) को सन्दर्भमा धेरै जसो आगन्तुकहरुले जानकारी छैन भनेको पाइयो । त्यसैगरी सुविधाहरुको सन्दर्भमा कम्तिमा अहिलेको अवस्था बाट तल नझरोस बरु अझ नयाँ नयाँ सुविधाहरु थपियोस भन्ने अपेक्षा रहेको पाइएको छ ।

# अध्याय एक

# परिचय

यस अध्यायमा अध्ययनको पृष्ठभूमि अन्तर्गत सङ्ग्रहालयको परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व र अध्ययनको सिमाको बारेमा उल्लेख गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

प्रारम्भमा सङ्ग्रहालय शब्दको परिभाषा विभिन्न वस्तुहरू थुपार्ने घर वा आमोद-प्रमोद गर्ने स्थलको रूपमा गरिन्थो (सङ्ग्रहालय र समाज, २०३२) । पुराना कुनै पनि वस्तुहरू सङ्कलन गरेर मानिसहरूलाई मनोरञ्जनका लागि देखाउन राखिएको ठाउँ वा घरलाई हामीले साधारणतया सङ्ग्रहालय भनेर बुझ्ने गरेका छौं र यस्तै किसिमका अभ्यासबाट सङ्ग्रहालयको सुरुवात भएको पाइन्छ । समयको परिवर्तनसँगै सङ्ग्रहालयलाई बुझ्ने दृष्टिकोणमा आएको परिवर्तनले सङ्ग्रहालयलाई परिभाषा गर्ने क्रममा मानिसहरूलाई ज्ञान तथा शिक्षा र मनोरञ्जन दिनका लागि सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, कलात्मक, धार्मिक, शैक्षिक तथा वैज्ञानिक महत्त्वका मूर्त तथा अमूर्त वस्तुहरूको सङ्कलनगर्ने, पहिचानगर्ने, संरक्षणगर्ने, अभिलेख राख्ने, प्रदर्शन गर्ने, प्रचार प्रसार गर्ने तथा अनुसन्धान गरी प्रकाशन गर्ने संस्थालाई सङ्ग्रहालय भनेर बुझ्ने गरिन्छ ।

यसैगरी सङ्ग्रहालय सम्बन्धी अन्तर्राष्ट्रिय संस्था इन्टरनेसनल काउन्सिल अफ म्यूजियमको सन् २००७ मा बसेको २२ औ साधारण सभाले सङ्ग्रहालयलाई यसरी परिभाषित गरेको छ ।

"A museum is a non-profit, permanent institution in the service of society and its development, open to the public, which acquires, conserves, researches, communicates and exhibits the tangible and intangible heritage of humanity and its environment for the purposes of education, study and enjoyment". (*ICOM 2007)*

सुरु सुरुमा मनोरञ्जन स्थलको रूपमा मात्र हेरिने गरेकोमा मनोरञ्जनको साथसाथै शैक्षिक केन्द्रको रूपमा पनि हेर्न थालिएपछि यसको महत्त्व दिन प्रतिदिन बढ्दै गएको छ । विभिन्न विषयमा महत्त्व राख्ने  वस्तुहरू सङ्कलन गरेर आमोद प्रमोद गर्ने स्थल वा भवनको सुरुवात कहिले बाट भयो भन्ने विषयमा अध्ययन गर्दा प्रारम्भमा मानिसहरूले आफूलाई मनपर्ने वस्तुहरू सङ्कलन गर्ने सिलसिलामा सङ्ग्रहालयको सुरुवात भएको मानिन्छ । इसा पूर्व कालमा नै केही सौखिन राजा महाराजाहरूले आफूलाई मनपर्ने पुराना वस्तुहरू सङ्कलन गर्ने गरेको पाइन्छ र यस्तै गतिविधिबाट सङ्ग्रहालयको प्रारम्भ भएको थियो । " सर्वप्रथम इसा पूर्व तेह्रौ सताब्दीतिर मिश्रका शासक रेमसेज द्वितीयले पुराना वस्तुहरू सङ्ग्रहगर्ने सोख राखेका थिए" । (नेपालको साँस्कृतिक पर्यटन, वि.सं. २०७५) । ऐहिहासिक सङ्ग्रहालयको बारेमा जानकारी राख्दा "इसा पूर्व दोश्रो सताब्दीमा मेसोपोटामिया मा, इसापूर्व पाँचौ सताब्दीमा एथेन्स (ग्रिस) मा, इसा पूर्व तेश्रो सताब्दीमा अलेकजेण्ड्रिया (इजिप्ट) मा र इसा पूर्व पहिलो सताब्दीमा रोम (इटाली)" मा राजामहाराजा हरूको सङ्कलन बाट भएको पाइन्छ । (आइसिआर, २०१७ ) ।

समयको परिवर्तन सँगै विश्वका धेरै देशहरुमा विभिन्न किसिमका सङ्ग्रहालयहरूको विकास तथा स्थापना  भएको पाइन्छ । आधुनिक सङ्ग्रहालयको विकास तथा स्थापनाको इतिहास यूरोपमा पुनर्जागरण काल पश्चात सौखको रूपमा राजा महाराजाहरूको व्यक्तिगत सङ्कलनबाट सुरु भएको हो । आधुनिक सङ्ग्रहालय खुल्ने क्रममा सवैभन्दा पहिला  सन् १६८३ मा आस्मोलियन सङ्ग्रहालय, सन् १७५९ मा ब्रिटिस सङ्ग्रहालय र सन् १७९२ मा लुभ्रे सङ्ग्रहलाय खुलेको थियो र लुभ्रे सङ्ग्रहलय आधुनिक समयको पहिलो सार्वजनिक सङ्ग्रहालय हो (Bedkar, 1995) ।

नेपालको सन्दर्भमा सङ्ग्रहालयको विकासबारे अध्ययन गर्दा यसको इतिहास शाहकाल बाट सुरुभएको पाइन्छ । सङ्ग्रहालयको विजारोपण सङ्कलनबाट हुनेकुरालाई मध्यनजर गर्दा लिच्छवी तथा मल्लकालमा मन्दिर तथा विहारमा हातहतियार तथा धार्मिक पुस्तकहरू सङ्कलन गरेको कुराले सङ्ग्रहालयको आभास गराउँछ । तथापि आधुनिक सङ्ग्रहालयको विकासको कुरागर्दा नेपालमा अंग्रेजहरूको प्रभाव वड्दै गएकोले छाउनीमा भिमसेन थापाको निजी निवाशलाई गरदघरको रूपमा प्रयोग गरेकोमा त्यसलाई प्रसिद्ध इतिहासकार पर्सिपल लैनडनको पुस्तक 'नेपाल' को खण्ड १मा 'दि आर्सेनल म्यूजिम'

भनेर उल्लेख गरिएको छ । सो पुस्तक छापेको वर्ष १९२८ ई. भनेर उल्लेख छ यसै भवनलाई पछि वि.सं. १९९५ पौष ७ गते विहिबार सर्वसाधारणको लागि नेपाल म्यूजियम नामाकरण गरी खुला गरिएको थियो (द्विवेदी, २०३२) । यो नै नेपालको पहिलो सङ्ग्रहालय हो ।

वि.सं. २०१७ साल पछि उपत्यकाका ३ वटै मल्लकालीन दरवारलाई सङ्ग्रहालय घोषणा गरियो भने शैक्षिक साँस्कृतिक गतिविधिको विकासको क्रममा स्थानिय पुरातात्विक ऐतिहासिक वस्तुहरू नासिएर नजाउन र तिनको उचित संरक्षण भई शैक्षिक साँस्कृतिक पर्यटनको विकासमा समेत मद्दत पुगोस् भन्ने दृष्टिकोणले तत्कालीन देशका पाँचै विकास क्षेत्रमा एक एक वटा सङ्ग्रहालय खोल्ने नीति सरकारले लिए अनुसार पोखरा, सुर्तेत र धनकुटामा स्थापना भइसकेको छ । यिनीहरूमा स्थानिय निवासीहरूको जनजीवन झल्काउने खालका वस्तुहरू राखिएको देखिन्छ यस्तो क्षेत्रीय सङ्ग्रहालयले क्षेत्रीय रूपमा पर्यटनको विकास गर्न मद्दत पुर्चाइरहेका छन् (कार्की, २०६४) ।

नेपालमा सरकारी, संघसंस्था र निजी स्तरबाट स्थापना भएका जम्मा ४६ वटा सङ्ग्रहालयहरू खुलेका छन् (ICOM ICR, 2017) । २०४६ सालमा पुनः प्रजातन्त्र आएपछि संघ संस्थाहरूले केही सङ्ग्रहालय स्थापना गरेको पाइन्छ भने २०६२/२०६३ को आन्दोलनले नेपाल लोकतान्त्रिक संघिय राज्य भएको अवस्थामा विभिन्न जात जातिहरूले आ-आफ्नो जातिय पहिचानलाई बचाईराख्नु पर्छ भन्ने महत्त्व बुझी आ-आफ्नो जातिय समाज गठन गरी समाज मार्फत संगठित भएर जातिय सङ्ग्रहालय स्थापना गरेको पाइन्छ । हाल नेपालमा व्यक्तिगतरूपमा पनि सङ्ग्रहालय खुलेको छ । काठमाडौंको सिनामांगल स्थित हवाई जहाज सङ्ग्रहालय निजीरूपमा सञ्चालित व्यक्तिगत सङ्ग्रहालय हो ।

## १.२ समस्याको कथन

मानिसका विभिन्न किसिमका इच्छा तथा चाहनाहरू हुन्छन् जसमा नयाँ-नयाँ ठाउँमा घुम्ने पनि एक हो । विभिन्न ठाउँमा रहेका प्राकृतिक तथा मानव निर्मित अकर्षण स्थलहरू मध्ये सङ्ग्रहालयपनि अकर्षण स्थलको रूपमा रहेको छ । सङ्ग्रहालयलाई मनोरञ्जन तथा शैक्षिक ज्ञान प्राप्त गरिने स्थलको रूपमा मानिसहरूले बुझ्न थालेपछि सङ्ग्रहालयको भ्रमण

गर्ने सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको छ । यहाँ भ्रमणगर्ने आगन्तुकहरू भनेको समाजमा रहेका सवै किसिमका मानिसहरू हुने भएता पनि बहुसंख्यक  शिक्षित आगन्तुक रहेको छ । विकसित राष्ट्रको तुलनामा नेपालमा सङ्ग्रहालयको विकास ढिलै भएता पनि हालको अवस्थामा धेरै खुलिरहेको र दिन प्रतिदिन भ्रमण गर्ने नेपाली आगन्तुकहरूको सङ्ख्या पनि बढ्दै गएको छ । नेपालमा खुलेका विभिन्न सङ्ग्रहालय मध्ये  पोखरा महानगरपालिकाको वडा नं. १७ रातोपैह्रोमा रहेको अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय मानिसहरूको एक आकर्षण स्थलको रूपमा प्रख्यात मानिन्छ । यस सङ्ग्रहालयबाट प्राप्त जानकारी अनुसार आ.व.०७४/०७५ मा २,६१,२५४ जना स्वदेशी तथा विदिशी आगन्तुकहरूले भ्रमण गरेकोमा नेपाली विद्यार्थि र नेपाली नागरिक दुवैगरी जम्मा १,९२,४१२ जनाले अवलोक गरेक थिए । यो सङ्ख्या सम्पूर्ण आगन्तुकको ७३.६५% प्रतिशत रहेको छ (अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय) ।

नेपालमा नयाँ नयाँ सङ्ग्रहालयहरू खुल्दै गएको र दिन प्रतिदिन नेपाली आगन्तुकहरूको अकर्षणको केन्द्रको रूपमा सङ्ग्रहालयको विकास भइरहेको अवस्थामा यस विषयमा अध्ययन हुन जरुरी ठानी यो विषयम अध्ययन के कस्ता भएको रहेछ भनेर हेर्दा निम्न अनुसारको अध्ययन भएको पाइएको छ ।

सन् २०१८ मा यूनिर्भससिटी अफ वासिङटनमा मास्टर्स अफ आर्टसमा अध्ययनरत शोधकर्ता Nicole Christine LaRue Reed द्वारा "Understanding visitor happiness in museums" शीर्षकमा तयार पारिएको शोधसारमा सङ्ग्रहालयमा भ्रमणगर्ने सबैजसो आगन्तुकहरूले क्षणिक आनन्दको अनुभव गर्न चाहेको र क्षणिक आनन्द प्राप्त गर्न वा बुझ्नका लागि  सवैभन्दा महत्त्वपूर्ण सकरात्मक भावना भएमा सङ्ग्रहालयको विशेष पदर्शनी र विशेष क्रियाकलापले दिनेगरेको भनिएको पाइयो ।

त्यसैगरी सन् २०१४ मा University of Saskatchewan को कम्प्यूटर विभागमा अध्ययनरत शोधकर्ता Awlad Hossain द्वारा "The Museum Explorer: User Experience Enhancement In A Museum" शीर्षकमा तयार पारिएको शोधसारमा सङ्ग्रहालयजस्तो अनौपचारिकरूपले सिकिने वातावरण भएको ठाउँमा सिक्न चाहनेले धेरै समस्याहरूको सामना गर्नुपर्ने हुँदा म्यूजियम एक्सप्लोर जस्तो एकिकृत समाधान प्रविधि

बनाई कम्प्यूटरको माध्यमबाट विभिन्न प्रविधिहरूको प्रयोगगरी सहज ढङ्गले धेरै सिक्न सक्छ भन्ने कुरा देखाएको छ ।

त्यसैगरी सन् २०१८ मा "MASTER OF ARTS IN BUSINESS" विषयमा University of Applied Sciences Salzburg मा अध्ययनरत विद्यार्थि समिर श्रेष्ठले "PATAN MUSEUM AND ITS ROLE IN PROMOTING HERITAGE TOURISM IN NEPAL" नामक शीर्षकमा तयार गरेको शोधसारमा कल्चर र हेरिटेजको महत्त्व पर्यटनको क्षेत्रमा बढीरहेको र सानो देखि ठूलो सहरले कल्चर र हेरिटेज टुरिजमको माध्यमबाट आर्थिक र सामाजिक विकास गरिरहेको कुरा देखाएको छ ।

त्यसैगरी तत्कालीन कमनवेल्थ एसोसिएसन अफ म्यूजियमका प्रिसिडेण्ट Emmanuel N. Arinze ले सन् १९९९ मे १७ मा "The Role of the Museum in Society" शीर्षकमा National Museum, Georgetown, Guyana मा दिएको पब्लिक लेक्चरमा आजको बदलिँदो संसारमा म्यूजियम भनेको विकास र परिवर्तनको माध्यम बन्नैपर्छ भनेका छन् र समाजको परिवर्तन र विकासको लागि गर्नुपर्ने कामहरू गरेर समाजको ऐनाको रूपमा प्रगतिको माध्यम बन्न सक्नु पर्छ भनेका छन् ।

शोधकर्ताले पाएको माथि उल्लेखित पूर्व अध्ययनले सङ्ग्रहालयको बारेमा विभिन्न विषयमा अध्ययन गरेको भएता पनि हाल शोधकर्ताले अध्ययन गर्न गइरहेको विषय तथा क्षेत्र अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयको बारेमा आजसम्म अध्ययन नभएको हुनाले नेपाली आगन्तुकहरूको सङ्ग्रहालयबारे बुझाई तथा सङ्ग्रहालयले प्रदानगर्ने सेवा सम्बन्धमा उनीहरूको धाराणा के कस्तो रहेछ भन्ने सन्दर्भमा निम्न अनुसन्धानात्मक प्रश्नहरू मार्फत समस्यालाई खोज्न खोजिएको छ ।

**अनुसन्धानात्मक प्रश्नहरू :**

१. नेपाली आगन्तुकहरूले सङ्ग्रहालयलाई के कसरी बुझेका छन् ?

२. सङ्ग्रहालयले नेपाली आगन्तुकहरूको चाहना तथा इच्छालाई के कति पुरागर्न सकेको छ ?

३. सङ्ग्रहालयले प्रदान गर्ने सेवा प्रति आगन्तुकहरूको धारणा कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्ने नेपाली आगन्तुकहरूको वस्तुस्थिति के कस्तो रहेको छ । यहाँ आगन्तुकहरूको सेवाको लागि के कस्ता सुविधाहरू उपलब्ध छन् भनेर अध्ययन गर्ने यो अध्ययनको सामान्य उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्य निम्न अनुसार रहनेछ ।

१. सङ्ग्रहालय बारे नेपाली आगन्तुकहरूको बुझाइको विश्लेषण गर्ने ।

२. सङ्ग्रहालयमा उपलब्ध सेवाहरू वारे आगन्तुकहरूको धारणा र अपेक्षाहरू बारेमा विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्त्व

यूरोप तथा विकसित देशहरूको तुलनामा नेपालमा सङ्ग्रहालयको स्थापना ढिलै भए तापनि हालको अवस्थामा दिन प्रतिदिन नयाँ नयाँ सङ्ग्रहालयहरू खुल्दै गएका छन् भने सङ्ग्रहालय भ्रमण गर्ने नेपालीहरूको चाहना तथा इच्छाहरू समेत वढ्दो मात्रामा रहेको पाइन्छ । नेपालमा खुलेका विभिन्न किसिमका सङ्ग्रहालयहरू मध्ये पोखरा महानगर पालिका वडा नं. १७ रातोपैह्रोमा रहेको अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय आगन्तुकहरूको प्रमुख आकर्षण स्थलको रूपमा रहेको छ । यस सङ्ग्रहालयमा वार्षिक लाखौंका सङ्ख्यामा स्वदेशी तथा विदेशी आगन्तुकहरूले भ्रमण गर्ने गरेको कुरा सङ्ग्रहालयको तथ्याङ्कले देखाएको छ । बर्तमान अवस्थामा नेपालमा विभिन्न किसिमका सङ्ग्रहालयहरू खुलेकामा पर्वतीय क्षेत्रको बारेमा वृस्तृत किसिमले जानकारी दिने सङ्ग्रहालय यही मात्र भएको र यस विषयमा अध्ययन नभएको हुनाले यस विषयको महत्त्व ठानी अध्ययन गरिएको हो ।

यस अध्ययनले सङ्ग्रहालयको बारेमा जानकारी दिनका साथै नेपाली आगन्तुकहरूको सङ्ग्रहालय बारे बुझाई र सङ्ग्रहालयले पुर्चाउने सेवा प्रति उनिहरूको धारणा के रहेछ भनेर बुझ्ने सवालमा सङ्ग्रहालय बारेको बुझाई, सङ्ग्रहालयमा के कस्ता सुविधाहरू हुँदा रहेछन् , कस्ता विषयका वस्तुहरू बढी उपयोगी भयो भनेर यस विषय सम्बन्धी ज्ञान हासिल तथा अनुसन्धा गर्न चाहनेहरूको लागि सहयोग पुग्ने छ ।
सङ्ग्रहालय सञ्चालकहरूको लागि आगन्तुकहरूको सङ्ग्रहालय प्रतिको बुझाई, सङ्ग्रहालयले पुर्चाएको सेवा प्रतिको धारणा के रहेछ, कुन कुन सेवाहरू बढी प्रभावकारी भएछ, कुन कुन सेवा प्रभावकारी हुन सकेन, आगन्तुकहरूको चाहना के कस्तो

रहेछ भनेर बुझि त्यहि अनुसार सङ्ग्रहाल सञ्चालन गर्न सहयोग पुग्ने छ । साथै सङ्ग्रहालयसँग सम्बन्धीत निति निर्माताहरूको लागि समेत यसले सहयोग पुर्याउने छ ।

## १.५ अध्ययनको सीमाहरू

यो अध्ययन कास्की जिल्ला पोखरा  महानगरपालिका वडा नं १७ मा सञ्चालित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा २०७६ बैशाख १५ देखि २०७६ जेष्ठ १४ गते सम्म एक महिनाको अवधीमा सङ्ग्रहालयमा भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरू (विद्यार्थि सहित गरि) १०६२४ जाना मध्ये १६ वर्ष देखि ६० वर्ष उमेर समूह भित्रका नेपाली आगन्तुकहरूमा सिमित रहेको छ । यो सानो क्षेत्रको अध्ययन अन्य क्षेत्रका लागि फराकिलो र सामान्यीकरण गर्न सकिदैन । स्रोत साधनको कमी, निश्चित समय सिमामा रहेर अध्ययन गरिएका विषय बस्तु कुनै अर्को स्थान, समुदाय तथा योजनाको लागि कतिपय कुराहरू अनुकुल नहुन पनि सक्ने तथा सम्पूर्ण विषयवस्तुहरू समेट्न नसकिनु यो अध्ययनको सीमा हुनेछ ।

# अध्याय दुई
# पूर्व साहित्य समीक्षा

यस अध्यायमा अवधारणात्मक समीक्षा, सैद्धान्तिक समीक्षा, पुर्व साहित्य समीक्षा र अवधारणागत ढाँचाको बारेमा उल्लेख गरिएको छ ।

## २.१ अवधारणात्मक समीक्षा

ग्रह शब्दमा सम उपसर्ग लागेर सङ्ग्रह शब्द बन्दछ । सम उपसर्गको अर्थ राम्ररी भन्ने हुन्छ । ग्रह शब्दको अर्थ पिण्ड हुन्छ । कुनैपनि कुरालाई राम्ररी एउटै ठाउँमा पिण्डीकरण गरेर राखिने अवस्थालाई सङ्ग्रह भनिन्छ । सङ्ग्रह शब्दमा आलय प्रत्यय लागेर सङ्ग्रहालय शब्द बनेको हो । अंग्रेजीमा सङ्ग्रहालयलाई म्यूजियम भनिन्छ । म्यूजियम शब्द ग्रिस भाषाको म्यूस बाट बनेको हो । ग्रिस भाषामा म्यूस भनेको ज्ञानकी देवी हुन । अंग्रेजी भाषामा म्यूजियमको अर्थ कलात्मक र प्राकृतिक वस्तुहरू सङ्ग्रह गर्ने स्थलकोरूपमा बुझिन्छ । यसैगरी नेपाली शब्दसागर को पेज नं.१६४५ मा सङ्ग्रहालयलाई यसरी अर्थ लगाइएको छ । " सङ्ग्रहालय - चीज वा सामान सङ्ग्रह वा जम्मा पारेर राखिएको ठाउँ वा घर । भण्डार घर"। (शर्मा, २०७०) ।

सङ्ग्रहालयको परिभाषा गर्ने क्रममा सङ्ग्रहालय सम्बन्धी अन्तर्राष्ट्रिय संस्था इन्टरनेसनल काउन्सिल अफ म्यूजिमको सन् २००७ अगष्ट २४ मा अष्ट्रियाको भिएनामा बसेको २२ साधारण सभाले पारित गरेको परिभाषा अनुसार "A museum is a non-profit, permanent institution in the service of society and its development, open to the public, which acquires, conserves, researches, communicates and exhibits the tangible and intangible heritage of humanity and its environment for the purposes of education, study and enjoyment". (ICOM, 2007).

यो परिभाषालाईनै हालको सवैभन्दा पछिल्लो र विश्वव्यापी मान्य परिभाषाको रूपमा हरेक सङ्ग्रहालयहरूले ग्रहण गरेको छ । सुरु-सुरुमा सङ्ग्रहालयलाई मनोरञ्जन गर्ने माध्यमको रूपमा लिने गरिएकाले यिनीहरूलाई बेकारको विषयवस्तु मानिन्थो पछि गएर यिनीहरूलाई शिक्षाको केन्द्रको रूपमा विकासगर्न लागिएकाले सङ्ग्रहालयको महत्त्व वढेर गएको हो (एम.के. पब्लिसर्स एण्ड डिष्ट्री व्यूटर्स, २०७५ ) । कलात्मक र प्राचिन

वस्तुहरू सङ्कलन गरी मानिसहरूलाई मनोरञ्जन गराउने विषयवस्तुको रूपमा हेरिएको सङ्ग्रहालयलाई जव शिक्षाको केन्द्रको रूपमा हेरिन थालियो तब यसको महत्त्व वढ्न गयो । अध्ययन तथा अनुसन्धानकर्ताहरू पनि यस्ता स्थलहरूमा गएर ज्ञानवृद्धि गर्न लागे । सङ्ग्रहालयलाई बुझ्ने क्रममा अनौपचारिक शिक्षाको केन्द्र, साँस्कृतिक केन्द्र, मुनाफारहित सामाजिक संस्था, मनोरञ्जन स्थल आदि इत्यादि रूपले पनि हेरेको पाइन्छ ।
“सङ्ग्रहालयको अस्तित्व रहनु भनेको मानिसले गर्दा हो” (डिन, १९९६) । सङ्ग्रहालयले आगन्तुकहरूको इच्छालाई पुरागर्न मानविय तथा भौतिक सुविधा अन्तर्गत विभिन्न किसिमका सुविधाहरूको व्यवस्था गरेको पाइन्छ । मानविय सुविधामा गाईडको व्यवस्था, आगन्तुकको सामानको सुरक्षाको व्यवस्था आदि इत्यादि गरेको पाइन्छ भने भौतिक सुविधा अर्न्तगत ग्यालरीमा प्रदर्शित वस्तुहरूलाई राम्ररी अवलोकन गर्न बाटो नभुलियोस भनेर एरो साइन, थकाईलाग्दा बस्ने ठाउँ, एथेष्टमात्रामा शौचालय, खानेपानीको सुविधा, पार्किङ्ग, सोभेनियर सप, रेष्टुरेण्ट, शारीरिकरूपले हिड्न नसक्नेहरूका लागि हुइल चियर तथा भवनमा हुइलचियर जाने व्यवस्था, पुस्तकालय आदि इत्यादि पर्दछन् ।

### २.१.१ सांस्कृतिक केन्द्रको रूपमा सङ्ग्रहालय

सङ्ग्रहालयहरू सांस्कृतिक वस्तु सङ्ग्रह गरिने स्थलहरू हुन् । विगतको पुराना वस्तुहरू हुन् वा  वा वर्तमानको नयाँ वस्तुहरू जुन वस्तुहरू मानवद्वारा निर्माण गरी प्रयोग गरिन्छ ति वस्तुहरू भनेको सांस्कृतिक वस्तु हुन् । विषयवस्तुको आधारमा आवश्यक पर्ने विभिन्न विषय सँग महत्त्व राख्ने पुराना तथा नयाँ वस्तुहरू सङ्कलन गर्ने गर्दछ । यसरी सङ्कलन गरिने वस्तुहरू मध्ये धेरैजसा वस्तुहरू साँस्कृतिक महत्त्वका हुने गर्दछ । कतिपय पुराना वस्तुहरू हाम्रो समाजमा लोप भैसकेका हुन्छन् र त्यस्ता वस्तुहरू सङ्ग्रहालयले बचाएर राखेको हुन्छ । यसरी सङ्ग्रहालयले विगतलाई वर्तमान सँग जोडेर भविष्यको बारेमा आँकलन गर्न सहयोग गर्दछ । विगतका साँस्कृतिक महत्त्वका वस्तुहरूलाई भाविपुस्ताहरूको लागि  जोगाइ राखिदिने भएकोले साँस्कृतिक केन्द्रको रूपमा लिन सकिन्छ । (एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स, २०७५ ) ।
नेपालमा जतिपनि सङ्ग्रहालयहरू खुलेका छन् ति सवै सङ्ग्रहालयहरूमा प्रदर्शनीमा राखिएका धेरैजसा वस्तुहरू मानिसका संस्कृति सँग सम्बन्धीत् छन् । हामीले राष्ट्रिय सङ्ग्रहालय छाउनीमा देख्न सक्छौ त्यहाँ साँस्कृतिक महत्त्वका वस्तुहरू धेरै छन् । काठमाडौँ उपत्यकामा रहेका मल्लकालीन दरवारलाई सङ्ग्रहालयको रूपमा अहिले हामीले

देखिरहेका छौं जाहाँ मल्लकालीन सँस्कृतिक वस्तुहरू देख्न सक्छौ भने यस अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्दा एउटा शाखा पर्वतीय मानिस शाखा देख्छौ जाहाँ मानिसका सँस्कृति सम्बन्धीका वस्तुहरू प्रदर्शित छन् । यी वस्तुहरूको अवलोकन गरेर मानिसले तत् तत् समय , समाज, समुदाय आदिको साँस्कृतिक अवस्थाबारे जानकारी हासिल गर्नसक्ने भएकोले सङ्ग्रहालयको साँस्कृतिक केन्द्रको रूपमा महत्त्व छ ।

### २.१.२ सङ्ग्रहालय र समाज

सङ्ग्रहालयको अस्तित्व मानिस हो । मानिसहरूले यहाँ भ्रमण गरेनन् भने यसको अस्तित्व रहन सक्दैन । मानिस एक सामाजिक प्राणी हो उ समाजमा वस्दछ । समाजमा रहेका हरेक तह र तप्काका मानिसहरू सङ्ग्रहालयमा भ्रमण गर्दछन् । सङ्ग्रहालयमा उद्देश्य अनुसार आगन्तुकहरूलाई वस्तुहरूको माध्यम बाट ज्ञान, शिक्षा तथा मनोरञ्जन दिलाउन समाजमा रहेका विभिन्न किसिमका वस्तुहरूको सङ्कलन गरी प्रदर्शनमा राखिएको हुन्छ । यहाँ सङ्कलन गरी प्रदर्शनीमा राखिने वस्तुहरूको श्रोत  समाज हो भने यी वस्तुहरू सङ्कलन गरी प्रदर्शनीमा राख्नुको उद्देश्य भनेको समाजका  मानिसहरूले अवलोकन गरुन भनेर हो (द्विवेदी, २०३२) ।

सङ्ग्रहालयले विभिन्न किसिमका वस्तुहरू सङ्कलन, संरक्षण तथा अभिलेख राख्ने जस्ता कार्यहरू गर्ने गर्दछ । वस्तुहरूको वृस्तृत रूपमा अभिलेख राख्ने हुँदा यसको माध्यमबाट समाजले पहिचान पाउन सक्छ । हाल सङ्ग्रहालयलाई पहिचान दिने संस्थाको रूपमा पनि हेरिन थालेको छ । कुन समाजमा वस्ने मानिसहरूले यो वस्तु प्रयोग गर्दछन, कहाँ  बनेको हो त्यसैगरी ऐतिहासिक वस्तुले त्यस बेलाको समाजको चित्रण गर्दछ भने अहिलेको वस्तुले वर्तमान समयको समाजको चित्रण गर्दछ । समाजमा विभिन्न किसिमका सङ्ग्रहालयहरू खुलेका छन् । जस्तै मुद्रा सङ्ग्रहालयमा जाँदा हामीले मुद्राको अवलोकन गर्दा यसमा अंकित वस्तुहरूले त्यस बेलाको समाजको प्रतिविम्ब झल्काउछ । यसर्थ सङ्ग्रहालयमा राखिएका धेरै जसो वस्तुहरूले समाजको चित्रण गर्ने भएको हुनाले सङ्ग्रहालय र समाजको विचमा महत्त्वपूर्ण सम्बन्ध गासिएको हुन्छ । (द्विवेदी, २०३२) ।

### २.१.३ अनौपचारिक शैक्षिक स्थल

आगन्तुकहरूलाई शिक्षा तथा जानकारी दिनका लागि सङ्ग्रहालयले विभिन्न किसिमका मूर्त तथा अमूर्त वस्तुहरू सङ्कलन गरेर प्रदर्शन गर्दछ । यहाँ आगन्तुकहरूलाई विद्यालयमा

जस्तो उमेरको छेकबार हुदैन । त्यसैगरी यहाँ विद्यालयमा जस्तो समय तोकेर सिकाउने कार्य, पठ्यक्रम, परिक्षाको व्यवस्था आदि इत्यादि केहिपनि हुँदैन तथापि सम्बन्धीत विषयमा वस्तुहरूको माध्यम बाट शिक्षा तथा ज्ञान दिने कार्य हुन्छ । (एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स, २०६४) ।

आगन्तुकहरूले यहाँ प्रदर्शित वस्तुहरूको अवलोकन गरेर व्यवहारिक तथा सैद्धान्तिक दुवै किसिमका शिक्षा तथा ज्ञान हासिल गर्न सक्दछ । यहाँ कुनै करकाप हुदैन, आफ्नो इच्छा अनुसार जुन कुरा चाहिएको हो वा राम्रो लागेको हो त्यस बारेमा प्रदर्शित वस्तुहरूको फोटो खिचेर, भिडियो बनाएर, अवलोकन गरेर, अध्ययन गरेर शिक्षा तथा ज्ञान लिन सक्ने भएको हुनाले अनौपचारिक शैक्षिक स्थलको रूपमा प्रयोग भएको छ ।

## २.१.४ पर्यटकीय तथा मनोरञ्जन स्थल

सन् १९८१ मा International Association of Seientific Expert in Tourism & Tourism Society को आयोजनामा Leisure-Recreation Tourism विषयमा बेलायतको कर्डिफमा सम्पन्न अर्न्तराष्ट्रिय सम्मेलनमा गरिएको परिभाषा अनुसार "Tourism may be definded in terms of Particular activities selected by choice and undertaken outside the home environment. Tourism may or may not involve overnight. (पुरी, २०७५, पेज नं. ६) ।

यो परिभाषाले सङ्ग्रहालयमा भ्रमण गर्ने सवै आगन्तुकहरूलाई पर्यटक मान्न सकिन्छ ।

सङ्ग्रहालयलको प्रकृति अनुसार साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, कलात्मक, धार्मिक, शैक्षिक, वैज्ञानिक महत्त्वका वस्तुहरू सङ्कलन गरी मानिसहरूलाई शिक्षा तथा मनोरञ्जन दिनका लागि प्रदर्शनीमा राखिएको हुन्छ । मानिसहरू फुर्सद वा विदाको समयमा परिवार सँग, इष्टमित्र सँग, साथीभाई सँग वा एक्लै भ्रमण गर्ने गर्दछन् । यहाँ गएर इच्छा अनुसार आफूलाई मनपर्ने वस्तुहरूको फोटो खिचेर, भिडियो बनाएर, अवलोकन गरेर, छोएर मनोरञ्जन लिनपाउने भएको हुनाले धेरै मानिसहरूको लागि सङ्ग्रहालय आकर्षणको केन्द्र भएको छ । यसर्थ सङ्ग्रहालयलाई पर्यटकीय तथा मनोरञ्जन स्थलको रूपमा लिन सकिन्छ । (पुरी, २०७५)

## २.२ सैद्धान्तिक समीक्षा

मानवशास्को अध्ययनको सन्दर्भमा विकास भएका विभिन्न मानवशास्त्रीय सिद्धान्तहरू मध्ये तल उल्लेखित सिद्धान्तहरू सँग जोडेर यस अध्ययनलाई पुरा गरिने छ ।

### २.२.१ प्रसारवाद

मानवशास्त्रमा कुनै एक ठाउँमा रहेको मानव समुदाय वा समूह वा समाजमा जन्म वा उत्पत्ति भएको मानव सँस्कृति विभिन्न कारणले अन्य ठाउँमा रहेको मानव समाज, समूह वा समुदायमा सर्दछ भन्ने मान्यता छ । कुनै पनि चिज चाहे त्यो भौतिक-प्रकृतिक होस या सामाजिक-साँस्कृतिक विभिन्न कारण, साधन, तरिकाको माध्यमद्वारा एक ठाउँबाट अर्को ठाउँमा फैलने, सर्दै परिवर्तन हुँदै जाने जुन निरन्तर प्रक्रिया छ त्यसलाई नै प्रसार भनिन्छ । मानवशास्त्रमा यो प्रसार भनेको सामाजिक साँस्कृतिक तत्वहरू एक ठाउँबाट अर्को ठाउँमा क्रमशः सर्दै फैलदै जने प्रक्रिया भन्ने बुझिन्छ । एक मानवीय तथा साँस्कृतिक समूहले एक ठाउँको सँस्कृतिलाई अर्को स्थानसम्म फैलाउनमा मद्दत गर्दछ, एक स्थानमा जन्मेको साँस्कृतिक तत्व अर्को ठाउँमा फैलन्छ र यही सँस्कृतिको प्रसार भएर परिवर्तन हुदै जाने प्रक्रियालार्य व्याख्या, बर्णन र विश्लेषण गर्ने विधि एवं सिद्धान्तलाई नै मानवशास्त्रमा प्रसारवाद भनिन्छ (शर्मा, २०६६) ।

यो सिद्धान्तको प्रतिपादन २० औ सताब्दिका यूरोपियन मानवशास्त्रीहरूले गरेका हुन् । संसारका विभिन्न समाजमा साँस्कृतिक समानताहरू पनि पाइन्छन र समानता हुनमा प्रसार, नक्कल, ग्रहण, अनुकरण आदिको कारणले भएको हो भन्ने मान्यता र तर्क सँगै यो प्रसारवादी विचारको उदय भएको हो । यो सिद्धन्त सामाजिक साँस्कृतिक घटनाको उत्पत्ति, विकास, परिवर्तन, फैलावट आदि कुरालाई व्याख्या गर्ने एक मानवशास्त्रीय सिद्धान्त एवं विधिको रूपमा स्थापित छ । प्रसारवादीहरूले मानिसको सृजना र आविष्कार गर्ने क्षमता सीमित हुन्छ, यस्तो क्षमता सबैमा समान हुदैन भन्ने जस्ता तर्क ल्याएका थिए । साँस्कृतिक समानता देखिनुमा प्रसार भएकोले हो र भिन्नता देखिनुमा त्यही सँस्कृतिको परिवर्तन भएर हो र यो प्रसारको प्रक्रिया निरन्तर एवं ऐतिहासिक हुन्छ भन्ने दावि रहेको पाइन्छ । प्रसारवादीहरूले सँस्कृतिको वृद्धि, उत्पत्ति, विकास, परिवर्तन आदिको व्याख्या गर्दा साँस्कृतिक समानता, पारस्परिक सम्पर्क, साँस्कृतिक उद्‍गम बिन्दू, साँस्कृतिक क्षेत्र आदि जस्ता अवधारणा शब्दावलीहरूलाई मुख्य रूपमा उठाएको पाइन्छ (शर्मा, २०६६) ।

प्रसारवादी सिद्धान्तमा विधिशास्त्रीय दृष्टिकोणहरू मुख्यगरी दुइवटा छन् । निरपेक्ष दृष्टिकोण र सापेक्षित दृष्टिकोण ।

**क. निरपेक्ष दृष्टिकोण** :

यो दृष्टिकोणको मुख्य हिमायति ब्रिटिश प्रसारवादी सम्प्रदाय हुन् । जसमा जी.ई. स्मीथ, विलियम जेम्स पेरी, डब्लु.एच. रिभर्स आदि छन् र यसका मुख्य प्रतिनिधि जी.इ. स्मीथ हुन । प्रसारवादी सम्प्रदायले सँस्कृतिको निरपेक्ष रूपमा उत्पत्ति, विकास र प्रसार हुन्छ भन्ने कुरा माथि जोड दिएको थिए । प्रसारवादको निरपेक्ष दृष्टिकोण अन्तर्गत सँस्कृतिको उत्पत्ति संसारको सबै ठाउँमा नभएर एउटा मात्र ठाउँमा भएको भन्दछ । यस विधिले सास्कृतिक केन्द्र, सिमित र निरपेक्ष स्थान माथि जोड दिन्छ (शर्मा, २०६६) ।

**ख.सापेक्षित दृष्टिकोण :**

यो दृष्टिकोणको मुख्य हिमायति अमेरिकन प्रसारवादी सम्प्रदाय हन् । यस सम्प्रदायका प्रमुख व्यक्तिहरूमा Franz Boas, Clark Wisslar, A.L. Kroeber आदि छन् । जसको प्रतिनिधि व्याख्याकार फ्रेन्ज वोस हुन् । अमेरिकन सम्प्रदायका प्रसारवादीहरूले समाजमा साँस्कृतिक विविधता हुन्छ भन्ने करामा जोड दिन्छन । यिनीहरूले Cultural Area, Food Area, Age Area, Culture Centre,, Culture Climax आदि कुरामाथि बडी जोड दिएको पाइन्छ । सँस्कृतिको उद्भव, विकास, परिवर्तन र प्रसारलाई निरपेक्ष रूपमा नलिएर हरेक सँस्कृतिलाई त्यहाँको सापेक्षतामा व्याख्या गर्नुपर्दछ भन्ने यो सम्प्रदायको मान्यता छ । मानिसको भौगोलिक विशिष्टता, इतिहास, ऐतिहासिक परम्परा, मानिसको रोजाइ, छनौट, रुची भिन्न भिन्न ठाउँ र विविध सँस्कृतिको अस्तित्व माथि जोड दिन्छ (शर्मा, २०६६) ।

प्रसारवादी सिद्धान्तलाई आधार मानेर सङ्ग्रहालयको विकासको बारेमा कुरागर्दा आधुनिक सङ्ग्रहालयको विकास सर्वप्रथम सन् १६८३ मा बेलायतको अक्सफोर्डमा आस्मोलियन म्यूजियम र त्यसपछि क्रमशः सन् १७५९ मा ब्रिटिश म्यूजियम र सन् १७९३ मा लुभ्र सङ्ग्रहालय फ्रान्समा खुलेको पाइन्छ । (आइकम आइसिआर, २०१७) । यसरी लुभ्र सङ्ग्रहालय खुलेपछि यूरोपभरि सङ्ग्रहालय खुलेको थियो भने नेपालमा राणा प्रधानमन्त्रिले यूरोप भ्रमण गर्दा सङ्ग्रहालय खोलेको देखेर यहाँ पनि राणा सासनकालमा वि.सं. १९९५ सालमा नेपाल म्यूजियम खुलेको थियो । राणा प्रधानमन्त्रिले यूरोप भ्रमणमा जाँदा त्यहाँ सङ्ग्रहालय खोलेको देखेर नेपालमा आई सङ्ग्रहालय खोल्ने

कामलाई प्रसारवाद सँग तुलना गरेर हेर्न मिल्दछ । तसर्थ सङ्ग्रहालयको विकासलाई मानवशास्त्र अर्न्तगत प्रसारवादी सिद्धान्त सँग जोडेर अध्ययन गर्न सकिन्छ ।

## २.३ पूर्व अध्ययनहरूको समीक्षा

सङ्ग्रहालयको सम्बन्धमा अध्ययन गर्ने क्रममा पूर्व साहित्य तर्फ अध्ययन गर्दा निम्न अनुसारको अध्ययन गरिएको छ ।

सन् २०१८ मा यूनिर्भससिटी अफ वासिङटनका शोधकर्ता Nicole Christine LaRue Reed द्वारा "Understanding Visitor Happiness In Museums" शीर्षकमा तयार पारिएको शोधसारमा सङ्ग्रहालयमा भ्रमणगर्ने सबैजसो आगन्तुकहरूले क्षणिक आनन्दको अनुभव गर्न चाहेको र क्षणिक आनन्द प्राप्त गर्न वा बुझ्नका लागि सवैभन्दा महत्त्वपूर्ण सकरात्मक भावना भएमा सङ्ग्रहालयको विशेष पदर्शनी र विशेष क्रियाकलापले दिनेगरेको भनिएको छ । आगन्तुकले क्षणिक आनन्द प्राप्त गरेको कुरा सङ्ग्रहालयकै वातावरणमा रहेर शारीरिक हाउभाउ तथा बातचित गरेर व्यक्त गर्ने गर्दछन भनिएको छ । सधै सकरात्मक सोचको अनुभव गरिरहने मानिस मानसिकरूपले तन्दुरुस्तहुने र यस्ता मानिसले राम्राकुराहरू लिनसक्ने हुँदा सङ्ग्रहालयबाट राम्राकुराहरू लिएर समाजलाई बदल्न सक्छ भनेका छन् । यो अध्ययन वर्णनात्मक विधि अपनाई अन्तर्वार्ता तथा अवलोकन गरी गरिएको छ । (Reed, 2018)

सन् २०१४ मा University of Saskatchewan का शोधकर्ता Awlad Hossain द्वारा "The Museum Explorer: User Experience Enhancement In A Museum" शीर्षकमा तयार पारिएको शोधसारमा सङ्ग्रहालयजस्तो अनौपचारिकरूपले सिकिने वातावरण भएको ठाउँमा सिक्न चाहनेले धेरै समस्याहरूको सामना गर्नुपर्ने हुँदा म्यूजियम एक्सप्लोर जस्तो एकिकृत समाधान प्रविधि बनाई कम्प्यूटरको माध्यमबाट विभिन्न प्रविधिहरूको प्रयोगगरी सहज ढङ्गले धेरै सिक्न सक्छ र सङ्ग्रहालयमा मूख्यगरी ३ वटा अवस्था रहन्छ जसमा सङ्ग्रहालय भ्रमण पूर्वको अवस्था, भ्रमणको अवस्था र भ्रमण पछिको अवस्था र यी तिनै अवस्थामा सङ्ग्रहालय सम्बन्धी जान्न चाहनेलाई यो प्रविधि मार्फत छिटोछरितो ढङ्गले धेरैभन्दा धेरै जानकारी दिन वा लिन सकिने कुरा देखाइएको छ । (Saskatchewn, 2014)

सन् २०१८ मा "MASTER OF ARTS IN BUSINESS" विषयमा University of Applied Sciences Salzburg मा अध्ययनरत विद्यार्थि समिर श्रेष्ठले "PATAN MUSEUM AND ITS

ROLE IN PROMOTING HERITAGE TOURISM IN NEPAL" नामक शीर्षकमा तयार गरेको शोधसारमा कल्चर र हेरिटेजको महत्त्व पर्यटनको क्षेत्रमा बढीरहेको र सानो देखि ठूलो सहरले कल्चर र हेरिटेज टुरिजमको माध्यमबाट आर्थिक र सामाजिक विकास गरिरहेकोले नेपाल जस्तो देशमा रहेको ऐतिहासिक शहर विशेष गरी पाटन स्थित मल्लकालीन दरवार जुन पाटन सङ्ग्रहालयको रूपमा हाल परिचत छ । यस सङ्ग्रहालयमा ऐतिहासिक तथा साँस्कृतिक महत्त्वका वस्तुहरू संकलित हुनका साथै यो दरवार स्वयमलाई UNESCO ले विश्व सम्पदा क्षेत्र मा राखेको हुँदा सम्पदा पर्यटन को क्षेत्रमा यसको महत्त्व रहेको कुरा देखाएको छ । (श्रेष्ठ, २०१८)


तत्कालीन कमनवेल्थ एसोसिएसन अफ म्यूजियमका प्रिसिडेण्ट Emmanuel N. Arinze
ले सन् १९९९ मे १७ मा "The Role of the Museum in Society" शीर्षकमा National Museum, Georgetown, Guyana मा दिएको सार्वजनीक भाषणमा आजको बदलिँदो संसारमा म्यूजियम भनेको विकास र परिवर्तनको माध्यम बन्नैपर्छ भनेका छन् । समाजको परिवर्तन र विकासको लागि गर्नुपर्ने कामहरू गरेर समाजको ऐनाको रूपमा प्रगतिको माध्यम बन्न सक्नु पर्छ भनेका छन् ।

विकासको लागि शिक्षा महत्त्वपूर्ण हुन्छ । शिक्षा जुन समाजको मानिसको सँस्कृतिमा हुँदैन त्यो समाजका मानिसहरू अपुरो र अधुरो रहन्छ । सङ्ग्रहालयको एउटा आधारभूत उद्देश्य भनेको शिक्षा दिनु हो र सङ्ग्रहालय मात्र एउटा यस्तो संस्था हो जसले विभिन्न समानहरू जम्मापारेर प्रभावकारी ढङ्गले साँस्कृतिक शिक्षा दिन सक्छ भनेका छन् । हरेक मानिसलाई शान्त र खुसीका साथ बाँच्नका लागि एकता नभै हुदैन भनेका छन् । सङ्ग्रहालयमा भएको स्रोत साधनको माध्यमबाट समाजमा रहेका विभिन्न सँस्कृति र समुदायका मानिसहरूलाई एकताको लागि बढवा दिने गर्दछ भनेका छन् ।

## २.४ अवधारणात्मक ढाँचा

प्राचीन घुमन्ते फिरन्ते शिकारी यूगदेखि लिएर आजको विकसित यूगसम्म आइपुग्दा मानिसले धेरै चरण पारगरिसकेको छ । शिकारी यूगदेखि आजको विकसित यूगसम्म आईपुग्दा मानिसका आवश्यकता तथा चाहनाहरूमा धेरैनै परिवर्तन भइसकेको छ भने दैनिक इच्छा तथा चाहनाहरू पनि बढदोरूपमा गइरहेको छ । मानिसका विभिन्न किसिमका इच्छा चाहनाहरू मध्ये नयाँ नयाँ ठाउँमा रहेका प्राकृतिक तथा मानव निर्मित ठाउँहरूमा

घुम्न तथा हेर्न जाने पनि एक हो । जसमा सङ्ग्रहालय पनि एक महत्त्वपूर्ण आकर्षण स्थलको रूपमा रहको छ ।




**चित्र २.१ : अवधारणात्मक खाका**

सङ्ग्रहालयमा भ्रमण गर्ने आगन्तुकहरूको उमेर, शिक्षा, आर्थिक स्तर, चेतना स्तर, सञ्चार तथा जानकारी माथिको पहुँच सवैमा समान हुँदैन जसले गर्दा सङ्ग्रहालयको बुझाईमा फरक पर्दछ । यूवा, अधवैंशे र बुढापाकाको बुझाईमा फरक पर्दछ । त्यसैगरी सङ्ग्रहालय भनेको शिक्षा लिने ठाउँ पनि हो तसर्थ पढेलेखेका आगन्तुक र अशिक्षित आगन्तुकहरूको बुझाईमा फरक पदर्छ । आर्थिक अवस्था कमजोर भएका मानिसहरू, सङ्ग्रहालयको महत्त्व बारे चेतना नभएका मानिसहरू नजान पनि सक्छन् भने सञ्चार तथा जानकारीमाथिको पहुँचको कारणले पनि सङ्ग्रहालय बारे थाहा नहुन सक्दछ जसले गर्दा सङ्ग्रहालयको बुझाईलाई प्रभाव पार्दछ । त्यसैगरी सङ्ग्रहालयमा उपलब्ध सेवा प्रतिको धारणामा प्रवेश शुल्क दर महङ्गो भएमा हेर्न नजान सक्छन् , सङ्ग्रहालय कर्मचारीको व्यवहारको कारणले सेवा लिनबाट बन्चित हुनसक्छन् , सङ्ग्रहालयमा उपलब्ध सेवाहरू आगन्तुकहरूले पाउनसक्ने किसिमले व्यवस्था नभएमा उपयोग गर्न पाउँदैनन् , उपलब्ध सेवाहरू बारे सहजरूपमा जानकारी भएमा थाहा पाएर प्रयोग गर्न पाउछन् नत्र प्रयोग गर्नबाट

बञ्चित हुन्छन् भने सेवाग्राहीको अपेक्षा अनुसार पनि सेवा प्रतिको धारणा फरक हुन्छ । जस्तो फोटो खिच्ने रहर भएका आगन्तुकहरूका लागि राम्रो आकर्षक दृश्यहरू मनपर्छ भने अध्ययन तथा जानकारी लिन चाहने आगन्तुकहरूका लागि लेखिएका तथा प्रदर्शनी गरिएका वस्तुहरू पढ्न तथा हेर्न मनपर्ने हुन्छ । त्यसैगरी सेवा प्रतिको धारणामा उमेर, शिक्षा, आर्थिक स्तर, चेतना स्तर, सञ्चार तथा जानकारी माथिको पहुँचको कारणले पनि कहिलेकाँहि प्रत्यक्ष वा कहिलेकाँहि अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ ।

# अध्याय तिन

# अनुसन्धान विधि

यस अध्यायमा अध्ययन क्षेत्रको छनौट र औचित्य, अनुसन्धान ढाँचा, तथ्याङकको प्रकृति र स्रोतहरू, समग्रता एवं नमुना छनौट, तथ्याङक सङ्कलन विधि र तथ्याङकको विश्लेषण तथा प्रस्तुतीकरण बारे उल्लेख गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य

नेपालाई विश्वमा चिनाउने धेरै कुराहरू छन् । भौगोलिक क्षेत्रको आधारमा सानो देश भएता पनि बहुभाषी तथा बहुजातीको देश, भौगोलिक विविधताको देश, भगवान गौतम बुद्धको देश, हिमालयको देश जस्ता विविध कुराहरूले चिनिएको छ । यी विभिन्न नामहरू मध्ये अल्गा-अल्गा हिमालहरूको देश भनेर संसारभरी अझ धेरै प्रसिद्ध छ ।

यो देशको ८३ प्रतिसत भू-भाग पहाडी तथा हिमाली भेगमा पर्दछ छ । जहाँ प्राकृतिक विविधता देखिलिएर मानव निर्मित विविध साँस्कृतिक कुराहरू हामीले देख्न तथा पाउन सक्दछौं । यिनै पर्वतीय क्षेत्रहरूमा भएको प्राकृतिक तथा मानवीय गतिविधिहरूको बारेमा मानिसहरूसलाई ज्ञान तथा जानकारी सहित स्वच्छ मनोरञ्जन समेत होस भनि एउटै छानामुनी बाट वृस्तृत रूपमा सहज र सरल ढङ्गले सेवा गर्ने उद्देश्यले पोखरा महानगरपालिका वडा नं. १७ मा नेपाल पर्वतारोहण संघले अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयको स्थापना गरी सञ्चालनमा ल्याएको छ ।

अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा वर्षेनी लाखौ स्वदेशी तथा विदेशी नागरिकहरूले भ्रमण गर्ने गर्दछन् । यहाँ भ्रमणगर्ने आगन्तुकहरू मध्ये नेपाली नागरिक तथा नेपाली विद्यार्थिहरूको सङ्ख्या अत्यधिक रहेको छ । यसरी अत्यधिक सङ्ख्यामा नेपाली तथा नेपाली विद्यार्थिहरूले भ्रमण गर्ने यस किसिमको सङ्ग्रहालय नेपालमा कहि पनि नखुलेको र आजसम्म यसको बारेमा कसैबाट पनि अध्ययन नभैरहेको अवस्थामा यस विषयको अध्ययनलाई महत्त्व ठानी अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनमा विशेष गरेर अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्नुहुने नेपाली

आगन्तुकहरूको सङ्ग्रहालयबारे बुझाई र सङ्ग्रहालयले प्रदानगर्ने सेवाहरू प्रति उनीहरूको धारणा के रहन गयो भन्ने विषयलाई अध्ययन गर्न वर्णनात्मक र विश्लेषणात्मक ढाँचा प्रयोग गरिएको छ।

## ३.३ तथ्याङकको प्रकृति र स्रोतहरू

अध्ययनको उद्देश्य अनुसार आवश्यक पर्ने गुणात्मक र सङ्ख्यात्मक दुवै किसिमका तथ्याङक सङ्कलन गरिएको छ । प्राथामिक तथ्याङकहरूको स्रोतमा सङ्ग्रहालयमा भ्रमणगर्नुहुने नेपाली आगन्तुकहरूको विचार बुझ्न अन्तर्वार्ता तथा स्थलगत अवलोकन गरिएको छ भने द्वितिय तथ्याङ्कको स्रोतको रूपमा उपलब्ध पुस्तक, लेख तथा रचनाहरू र सम्बन्धीत कार्यालय बाट प्राप्त सूचनाहरू रहेको छ।

## ३.४ समग्रता एवं नमुना छनौट

२०७६ बैशाख १५ देखि २०७६ जेष्ठ १४ गते सम्म एक महिनाको अवधिमा सङ्ग्रहालयमा भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरू (विद्यार्थि सहित गरि) १०६२४ जना यस अध्ययनको समग्रता हो । जसमा १६ वर्ष देखि ६० वर्ष उमेर समूहका १०५ जना अन्तर्वार्ता दिन इच्छुक र समय भएकाहरू लाई नमुनाको रूपमा उद्देश्यमुलक नमुना छनौट विधि द्वारा लिइएको छ । अन्तर्वार्ताको लागि मुख्य सूचना दाताको रूपमा यस संस्थासँग नजिक रहनु भएका ५ जना लाई लिइएको छ।

मुख्य सूचना दातामा ४ जना पर्यटन क्षेत्र लगायत अन्य क्षेत्र सँग सम्बन्धीत व्यक्तित्व हुनुहुन्छ। जसमा सत्तरी वर्ष उमेर भन्दा माथिका २ जना व्यक्तित्वलाई तत्कालीन पोखरा उपमहानगर पालिकाले पर्यटन क्षेत्रमा वहाँहरूले पुर्याउनु भएको योगदानलाई कदर गर्दै नवरत्न पुरस्कार बाट सम्मानित गरिसकेको छ । साथै वहाँहरू यस सङ्ग्रहालयसँग सुरुवातदेखिनै जोडिएर एक जना सङ्ग्रहालय समितिको संयोजक समेत हुनुभएको थियो भने एक जना सङ्ग्रहालय समितिको सदस्य तथा सल्लाहकार समेत भइसक्नु भएको व्यक्ति हुनुहुन्छ । त्यसैगरी २ जना व्यक्तित्वहरू पर्यटन सँग सम्बन्धीत संघ सस्थाहरूमा जोडिनु भएका युवा हुनुहुन्छ जसमध्ये एकजना हाल सङ्ग्रहाल समितिको सदस्य समेत रहनु भएको छ भने अर्का एकजना नेपाल पर्वतारोहण संघ अन्नपूर्ण शाखाको सचिव पदमा हुनुहुन्छ।

अर्का व्यक्तित्व वाहाँ उमेरले ७० काटेको हुनुहुन्छ । समाजले वहाँसलाई समाजसेवी तथा राजनीतिज्ञको रूपमा चिन्दछन् । वहाँ कास्की जिल्ला विकास समितिको सभापति र अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय समितिको सदस्य समेत भइसक्नु भएको छ भने हाल यस सङ्ग्रहालयको सल्लाहकार पदमा रहनु भएको छ ।

मुख्य सूचनादाताका रूपमा लिइएका व्यक्तित्वहरू यस सङ्ग्रहालयको बारेमा जानकार हुनुहुन्छ । कोही सङ्ग्रहाल समितिमा रहिसक्नु भएका, कोही अहिलेको समितिमा रहनु भएका र कोही यस सङ्ग्रहालय सँग सम्बन्धीत अन्य संस्थामा पदाधिकारी हुनु भएको हुनाले वाहाँहरूलाई मुख्य सूचनादाताको रूपमा लिइएको हो ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

अध्ययनलाई व्यवस्थित गरी पूर्णता दिनका लागि तथ्याङ्क सङ्कलन गर्न निम्न विधिहरू प्रयोग गरिएको छ ।

### ३.५.१ अवलोकन

आवश्यक तथ्याङ्क सङ्कलन गर्न अवलोकन विधिको प्रयोग गरिएको छ । सङ्ग्रहालयमा मिति २०७६ बैशाख १५ गते देखि मिति २०७६ जेष्ठ १४ गते सम्मको एक महिना अवधिमा यहाँ भ्रमणगर्नुहुने नेपाली आगन्तुकहरूको बारेमा अवलोकन गर्दा सङ्ग्रहालयमा भएका विभिन्न प्रदर्शित वस्तुहरूमा कुन कुन वस्तुहरूलाई बढी ध्यान दिए, अवलोकन बढी गरेकी, अध्ययन वढी गरेकी वा फोटो वढी खिचेर समय विताए, प्रदर्शनी स्थलमा अवलोकन गर्दा अल्मलिए कि अल्मलिएनन्, उपलब्ध सुविधाहरू जस्तै गाइड सेवा कत्तिको प्रयोग गरे, सामान लिएर आएका हरूले सामानराख्ने लकर कत्तिको प्रयोग गरे, आराम गर्न राखिएका कुर्सीहरूमा कत्तिको बसे, खानेपानी कत्तिको प्रयोग गरे जस्ता कुराहरूको अवलोकन गरिएको छ ।

### ३.५.२ अन्तर्वार्ता

अनुसन्धानकर्ताले प्रश्न बनाएर आफूले प्राप्त गर्न खोजेको जानकारीलाई सङ्ग्रहालयमा भ्रमणगर्नुहुने १०५ जना जसमा १६ वर्ष देखि ६० वर्ष उमेर समूहका व्यक्तिहरू सँग उद्देश्यपूर्ण तथा सुविधाजनक तरिकाले नमुना छनौट गरी असंरचनात्मक रूपमा अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्तामा सोधिएका प्रश्नहरू धेरैजसो वन्द प्रकृतिका छन् भने

केही प्रश्नहरू खुला प्रकृतिका समेत सोधिएको छ साथै ५ जना व्यक्तित्वहरू जो यस सङ्ग्रहालय सँग नजिक सम्बन्ध हुनभएका सँग मुख्य सूचनादाताको रूपमा अन्तर्वार्ता लिईएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनै पनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण र प्रस्तुतीकरणमा भर पर्दछ । यस अध्ययनमा प्राप्त तथ्याङकलाई एक्सेल र वर्ड सफ्टवयर प्रयोग गरी वर्णनात्मक र विवरणात्मक रूपमा विश्लेषण गरिएको छ । सामान्यतया प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण तथा स्तम्भ चित्रको माध्यमबाट विश्लेषण गरिनुका साथै आवश्यकता अनुसार व्याख्या र विश्लेषण पनि गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको सङ्क्षिप्त परिचय तथा वस्तुस्थिति

यस अध्यायमा अध्ययन क्षेत्रको परिचय, सङ्ग्रहालयमा रहेका प्रदर्शनी कक्ष तथा प्रदर्शित वस्तुहरूको जानकारी, सङ्ग्रहालयमा उपलब्ध सुविधाहरू, आगन्तुक आगमन विवरण, आगन्तुकहरूको वर्गिकरण तथा प्रवेश शुल्क दर, सङ्ग्रहालयमा उपलब्ध कर्मचारी तथा सञ्चालन व्यवस्था बारेमा उल्लेख गरिएको छ ।

## ४.१ सङ्ग्रहालय रहेको स्थान

पोखरा महानगरपालिका वडा नं. १७ रातोपैह्रो स्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय नेपाल पर्वतारोहण संघद्वारा सञ्चालित सङ्ग्रहालय हो । नेपाल पर्वतारोहण संघले पर्वतीय पर्यटन क्षेत्रको विकास मा सहयोग पुगोस भनेर यस क्षेत्रमा हुने गतिविधि तथा वस्तुस्थितिको बारेमा जानकारी तथा ज्ञान दिने उद्देश्यले यो सङ्ग्रहालयको स्थापना गरेको हो । सङ्ग्रहालय निर्माण कार्यको सिलान्यास सन् १९९५ नोभेम्बर १ तारिकमा भएको थियो भने २०६० साल माघ २२ गते तत्कालीन सम्माननीय प्रधानमन्त्रि सूर्य बहादुर थापा बाट उद्घाटन गरी २०६० साल माघ २३ गतेबाट सर्वसाधारणको लागि खुला गरिएको थियो । यो भवन २ तलाको छ । जसमा सुरुमा प्रवेश गर्दा माथिल्लो तलामा प्रवेश गदर्छौं र मूख्य प्रदर्शनी रहेको स्थल तल्लो तलामा झरेर सङ्ग्रहालयको अवलोकन सुरु गरिन्छ ।

## ४.२ सङ्ग्रहालयको प्रदर्शनी

अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयलाई यसको सोचअनुसारको उद्देश्य पुरागर्न ४ वटा मुख्य प्रदर्शनी कक्ष अर्न्तगत १२ वटा शाखा कक्षमा विभाजनगरी पर्यटकहरूलाई जानकारी गराएको पाइन्छ । यी प्रदर्शनी कक्षहरू निम्न अनुसार रहेको छ ।

### ४.२.१ पर्वतीय मानव कक्ष

यस कक्षमा विश्वभरिका पर्वतीय मानिस र नेपालका पर्वतीय मानिसहरूको भेषभूषा, बाजागाजा, गरगहना, भाँडाकुँडा लगायत सँस्कृति झल्कने वस्तुहरू प्रदर्शनीमा राखिएको छ । यस कक्षलाई २ वटा शाखा कक्षमा विभाजन गरिएको छ ।

### ४.२.१.१ नेपालका पर्वतीय मानव कक्ष

यस प्रदर्शनी कक्षमा तामाङ्ग, थकाली, छन्त्याल, गुरुङ्ग, मगर, शेर्पा र किराँत जातिको सँस्कृति झल्कने वस्तुहरू जस्तै भाँडाकुँडा, पोशाक, हातहतियार, बाजागाचा, गरगहना आदि इत्यादि वस्तुहरूको प्रदर्शनी रहेको छ ।



चित्र ४.२.१.१ : नेपालका पर्वतीय मानव कक्ष

स्रोत : पर्वतीय सङ्ग्रहालय, २०७६

### ४.२.१.२ अन्य राष्ट्रका पर्वतीय मानव कक्ष

यस कक्षमा ताईवान, स्लोभानिया जापानका पर्वतीय मानिसहरूको प्रदर्शनीको साथै अल्पस र हिमालयन क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवनयापन सम्बन्धी तुलनात्मक फोटोहरूको प्रदर्शनी रहेको छ ।



चित्र ४.२.१.२ : अन्य राष्ट्रका पर्वतीय मानव कक्ष

स्रोत : पर्वतीय सङ्ग्रहालय, २०७६

#### ४.२.२ पर्वत कक्ष :

यस कक्षलाई ४ वटा शाखा कक्षमा विभाजन गरी प्रदर्शनी गरिएको छ । जस अन्तर्गत निम्न शाखा कक्षहरू रहेका छन् ।

#### ४.२.२.१ विश्वका अग्ला पर्वत कक्ष

हिमालय श्रृङ्खला काश्मिर देखी १५०० माइल लामो लस्कर भएर उभिएको छ र त्यस मध्ये ५०० माइलजति नेपाल सरहदभित्र पर्दछ ( गुरुङ्ग, २००६) । यस कक्षमा विश्वमा रहेका ८ हजार मिटर भन्दा अग्ला १४ वटा हिमालको बारेमा जानकारी तथा फोटो प्रदर्शनी गरिएको छ । हिमालय पर्वत श्रृङ्खलाको ठूलो भू-भाग ओगटेको यस देशमा विश्वका ८००० मिटर भन्दा अग्ला १४ वटा उच्च हिमालहरू मध्ये सर्वोच्च शिखर सगरमाथा (८८४८ मि.) सहित ८ वटा हिमालहरू यो देशको पर्वत श्रृङखलामा अवस्थित छ (नेपाल पर्वत, वर्ष ३, अंक ७, भाद्र २१, २०५९) । यहाँ ६००० देखि ७००० मिटर उचाई भएका १३१० वटा हिमालहरू छन् भने ७००० देखि ८००० मिटर उचाई भएका १२२ वटा हिमालहरू छन् (नेपाल माउण्टेनरिङ्ग एसोसिएसनको प्रोफाइलको पेज नं. ११ मा माउण्टेन अफ नेपाल नामक शीर्षकमा लेखिएको छ) ।



**चित्र ४.२.२.१** : विश्वको अग्लो पर्वत कक्ष
स्रोत : पर्वतीय सङ्ग्रहालय, २०७६

#### ४.२.२.२ भौगर्भिक कक्ष

यस कक्षमा नेपालको पर्वतीय क्षेत्रको भौगर्भिक वनावट, त्यसभेगमा पाइने ढुङ्गाका किसिम, जिवाअवशेष, शालिग्राम लगायत हिमालयको उत्पत्ति बारेमा वृत्तचित्र प्रदर्शनी गरिएको छ ।



**चित्र ४.२.२.२** : भौगर्भिक कक्ष
स्रोत : स्थलगत अवलोकन, २०७६

### ४.२.२.३ जिवजन्तु वनस्पति  कक्ष

यस कक्षमा हिमाली भेगमा पाइने जिवजन्तु तथा वनस्तपतिको बारेमा पदर्शनी गरिएको छ। त्यसैगरी अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाले आफ्नो भौगोलिक कार्यक्षेत्रको मोडेल आकर्षण ढङ्गले निर्माण गरी प्रस्तुत गरेका छ।



**चित्र ४.२.२.३** : जिवजन्तु वनस्पति कक्ष
स्रोत : स्थलगत अवलोकन, २०७६

### ४.२.२.४ पाँच व्यक्तित्व कक्ष

यस कक्षमा सङ्ग्रहालय स्थापना गर्नका लागि योगदान पुचाउनु हुने ३ जना व्यक्तित्व स्व. खड्ग विक्रम शाह, स्व. डा. हर्क गुरुङ्ग र स्व. दावा नोर्वु शेर्पा लगायत नेपाललाई गुन लगाउनु हुने विदेशी नागरिकहरू स्व. डा. टोनी हेगन र जापानी भिक्षु स्व. इकाई कावागुची को प्रदर्शनी रहेको छ।



**चित्र ४.२.२.४** : पाँच व्यक्तित्व कक्ष
स्रोत : स्थलगत अवलोकन, २०७६

### ४.२.३ पर्वतीय क्रियाकलाप कक्ष

यस कक्ष अन्तर्गत ४ वटा शाखा कक्षहरु रहेको छ। तिनिहरु निम्न अनुसार छन्।

### ४.२.३.१ पर्वतारोहण इतिहास कक्ष

यस कक्षमा विश्वमा रहेका ८ हजार मिटर भन्दा अग्ला १४ वटा हिमालको प्रथम सफल आरोहणको इतिहास तथा ति आरोही हरूले प्रयोग गरेका सामाग्रीहरू प्रदर्शनी गरिएको छ।

सन् १९५० मे १४ मा फ्रेन्च पर्वतारोहीहरूले टुकुचेमा अन्नपूर्ण प्रथम (८००० मिटर अग्लो एक हिमाल) चढ्ने एउटा ठूलो निर्णय गर्यो र चढ्न सफल भयो (Gurung, 2004)। यो आरोहण सफल भएको कारणले पनि यस भेगको प्रचार संसारभरि भएको थियो र यस आरोहणमा प्रयोग भएका सामाग्रीहरू पनि यस सङ्ग्रहालयमा प्रदर्शित छ।



**चित्र ४.२.३.१** : पर्वतारोहण इतिहास कक्ष
स्रोत : पर्वतीय सङ्ग्रहालय, २०७६

### ४.२.३.२ पर्वतारोहण सामाग्री कक्ष

यस कक्षमा हिमाल आरोहण गर्दा के कस्ता सामाग्रीहरूको आवश्यकता पर्दछ भनेर ति सामाग्रीहरूको प्रदर्शनी गरिएको छ ।



**चित्र ४.२.३.२** : पर्वतारोहण सामाग्री कक्ष
स्रोत : पर्वतीय सङ्ग्रहालय, २०७६

### ४.२.३.३ पर्यावरण कक्ष

यस कक्षमा हिममानव यती को बारेमा अहिले सम्म भएको खोज अनुसन्धान बाट पत्तालागेको कुरा अनुसार यती के हो भनेर यस सम्बन्धीका लेख तथा आगन्तुकहरूलाई केही मनोरञ्जन तथा आकर्षणहोस् भनि यतीको काल्पनिक शरिर बनाई प्रदर्शनी गरिएको छ भने यसैको छेउमा सन् २००० देखि २००३ सम्म सगरमाथा सफाई अभियान चलाएका प्रसिद्ध विदेशी नागरिक केन नेगुचीले सगरमाथामा जम्मा भएका फोहोर सफाई गरी काठमाडौं ल्याएका मध्ये केही फोहोरहरूको प्रदर्शनी गरिएको छ ।



**चित्र ४.२.३.३** : पर्यावरण कक्ष
स्रोत : पर्वतीय सङ्ग्रहालय, २०७६

### ४.२.३.४ सगरमाथा प्रतिविम्बित कक्ष

यस कक्षमासन् १९५३ मा सर एडमण्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले सगरमाथाको सफल आरोहण गरेका र यस आरोहणभन्दा पहिले सन् १९२० देखि सन् १९५२ सम्म ब्रिटिस सरकारले पठाएका आरोहीदलहरूले खिचेका फोटोहरू रोयल जोग्राफिलकल सोसाइटी लण्डन ले प्रदर्शनी गरेको छ भने यसको अगाडीपटि जलवायु परिवर्तन सम्बन्धी इसिमोडको प्रदर्शनी रहेको छ ।




**चित्र ४.२.३.४** : सगरमाथा प्रतिविम्बित कक्ष
स्रोत : पर्वतीय सङ्ग्रहालय, २०७६

यी माथिका ३ वटा कक्षहरू सङ्ग्रहालय भवनको तल्लो भागमा रहेको छ ।

### ४.२.४ समसामयिक तथा अस्थाई प्रदर्शनी कक्ष

यस कक्षमा नेपालका जानजातिहरूको फोटो , सर्वोच्च शिखर सगरमाथा र विश्वकै होचो स्थान मृतसागरबाट ल्याईएको ढुङ्गाहरू , डा. टोनी हेगनद्वारा खिचिएका ऐतिहासिक फोटोहरू र पोल्याण्डका पर्वतारोहीहरूले पर्वत चढेका फोटोहरू प्रदर्शित छन् ।




४.२.४ : सगरमाथाको ढुङ्गा
स्रोत : पर्वतीय सङ्ग्रहालय, २०७६

यी बहायक यहाँ एक अकर्षक बुद्ध धर्माबलम्बिहरूको पुजाकोठा रहेको छ ।

## ४.३ सङ्ग्रहालयमा भएका सुविधाहरू

आगन्तुकहरूको सुविधालाई मध्यनजरगर्दै यस सङ्ग्रहालय भवनको निर्माणनै आधुनिक सोच अनुसार अपाङ्ग मैत्रि रहेको छ । साथै शारीरिक रूपमा हिड्न गाह्रो हुने आगन्तुकहरूका लागि हुइल चियरको समेत व्यवस्था गरिएको छ । यहाँ उपलब्ध सुविधाहरूलाई आन्तरिक र बाह्यिय २ भागमा विभाजन गरी उपलब्ध गराएको पाइन्छ ।

### ४.३.१ आन्तरिक सुविधा

यस अर्न्तगत सङ्ग्रहालय भवन भित्रका सुविधाहरू पर्दछन् जसमा आगन्तुकहरूका लागि सामान राख्ने लकर, श्रव्य दृश्य कक्ष, मोबाइल गाइड, गाइड, आराम गर्ने कुर्सीहरू, सभाकक्ष, पुस्तकालय, फरक फरक शारीरिक अवस्था भएका मानिसहरूलाई प्रयोग गर्न उपयूक्त शौचालय तथा पिउने पानीको व्यवस्था गरिएको छ ।

### ४.३.२ बाहिरी सुविधा


बाहिरी सुविधा अन्तर्गत यहाँ सर्वसाधारण र विशेष पार्किङ्ग, ठाउँ ठाउँमा शौचालय, गार्डेन, आरामगर्ने सेडहरू, रेष्टुरेण्ट, सोभेनियर सप, माछा पोखरी, कृत्रिम पर्वतारोहण वाल, मनासलु हिमालको नमुना रहेको छ ।



**चित्र ४.३.२** : ढुङ्गाको मनासलु हिमालको नमुना
स्रोत : पर्वतीय सङ्ग्रहालय, २०७६

## ४.४ आगन्तुकहरूको आगमनको विवरण

सङ्ग्रहालय सर्वसाधाराणको लागि मिति २०६० माग २३ बाट  सशुल्क खुला गरिए देखि आव ०७४/०७५ सम्ममा २१,५०,४६३ जनाले भ्रमणग गरिसकेको छ । त्यसैगरी आ.व. ०७४/०७५ मा मात्र २,६१,२५४ जना आगन्तुकले सङ्ग्रहालयको भ्रमण गरेको थियो जसमा निशुल्क भ्रमण गर्ने ११,५९४ जना, वगैंचा प्रवेश २,८०५ जना, नेपाली विद्यार्थि ९९,५९९ जना, नेपाली नागरिक ९२,८१३ जना, सार्क राष्ट्र २६,७७० जना र अन्य राष्ट्का २७,६७३ जना आगन्तुक हरूले भ्रमण गरेको छ ।




**वृत्तचित्र : ४.४ आ.व. २०७४/०७५ को आगन्तुक सङ्ख्या प्रतिशत**

स्रोत : अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय, २०७६

सङ्ग्रहालयमा भ्रमण गर्नुहुने आगन्तुकहरूलाई गरिएको वर्गिकरण अनुसार कुन कुन प्रकारको आगन्तुकहरूले कत्तिको सङ्ख्यामा भ्रमण गरेर सङ्ग्रहालयलाई सेवा गर्ने अवसर प्रदान गर्नुभएको रहेछ भनेर बुझ्ने सवालमा माथिको चित्रमा आ.व. २०७४/०७५ मा यस सङ्ग्रहालयमा भ्रमण गर्नुहुने विभिन्न वर्गका आगन्तुकहरूको भ्रमण प्रतिशत देखाइएको छ । यस चित्र तालिका अनुसार सवैभन्दा बढी नेपाली विद्यार्थि ३८.१२ प्रतिशत र दोश्रोमा नेपाली नागरिक ३५.५३ प्रतिशत रहेको देखिन्छ र दुवै गरी ७३.६५ प्रतिशत रहेको छ । यो तालिका बाट के प्रष्ट हुन्छ भने अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा २ तिहाई भन्दा बढी नेपाली नागरिकहरूले भ्रमण गरेर सेवागर्ने अवसर प्रदान गर्नुभएको रहेछ ।

## ४.५ सङ्ग्रहालयमा आगन्तुकहरूको वर्गिकरण तथा प्रवेश शुल्क दर

हाल यस सङ्ग्रहालय भ्रमणगर्नुहुने आगन्तुकहरूलाई निम्न अनुसार वर्गिकरण गरी टिकट दर कायम गरेको छ ।

**तालिका : ४.५ आगन्तुक वर्गिकरण तथा प्रवेश शुल्क दर (आ.व. २०७५/०७६)**

| क.सं. | आगन्तुक | प्रवेश शुल्लक दर | कैफियत |
|---|---|---|---|
| १. | मानार्थ | निशुल्क | |
| २. | बगैंचा प्रवेश | रु. ३० | |
| ३. | नेपाली विद्याथि | रु. ५० | परिचय पत्र देखाउनु पर्ने । |
| ४. | नेपाली नागरिक | रु. १०० | |
| ५. | सार्क राष्ट्र | रु. २५० | |
| ६. | अन्य राष्ट | रु. ५०० | |
| ७. | अस्थाई भिसा वाहक | रु. २५० | परिचय पत्र देखाउनु पर्ने । |

स्रोत : अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय, पोखरा, २०७६

मथिको तालिका अनुसार सङ्ग्रहालयमा आउने आगन्तुकहरूलाई मानार्थ (निशुल्क) आगन्तुक, बगैंचा प्रवेश, नेपाली विद्यार्थि, नेपाली नागरिक, सार्क राष्ट्र, अन्य राष्ट्र र अन्य राष्ट्रका अस्थाई भिसा वाहक पत्र प्राप्त नागरिकहरू समेत गरेर ७ प्रकारका आगन्तुक वर्गिकरण गरी प्रवेश शुल्क क्रमशः निःशुल्क, रु.३० (बगैंचामा मात्र घुम्न पाउने ), रु. ५०, रु. १००, रु. २५०, रु. ५०० र रु. २५० कायम गरेको देखिन्छ ।

## ४.६ सङ्ग्रहालयमा कर्मचारीहरू

यस सङ्ग्रहालयमा कार्यरत कर्मचारीहरूमा कार्यकारी निर्देशक, सहायक सङ्ग्रहालय विशेषज्ञ सहित २२ जना कर्मचारीहरू रहनुका साथै सुरक्षाको लागि सम्झौता गरी राइनो सुरक्षा कम्पनी मार्फत १० जना सुरक्षाकर्मि खटिएको छ ।

## ४.७ सञ्चालन व्यवस्था

नेपाल पर्वतारोहण संघको मातहतमा सञ्चालन भएको यस सङ्ग्रहालयको सवैभन्दा माथिल्लो निकायमा नेपाल पर्वतारोहण संघ केन्द्रिय कार्य समिति रहेको, दोश्रोमा नेपाल पर्वतारोहण संघ सचिवालय, तेश्रोमा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय समिति रहेको छ ।

# अध्याय पाँच

# सङ्ग्रहालय बारे नेपाली आगन्तुकहरूको बुझाई

मानिसका विभिन्न किसिमका इच्छा तथा चाहनाहरू हुन्छन जसमा नयाँ नयाँ ठाउँमा रहेको प्राकृतिक तथा मानव निर्मित वस्तुहरूको अवलोकन गर्ने पनि एक हो । नेपलमा भएका प्राकृतिक तथा मानव निर्मित विभिन्न वस्तुहरूको अवलोकनका लागि विश्वका विभिन्न राष्ट्रबाट आउने पर्यटकहरूको आगमन सङ्ख्या  दिन प्रतिदिन बढ्दै गएको छ । हाल विभिन्न क्षेत्रमा आएको विकासको कारण नेपालीहरूमा पनि भ्रमणगर्ने इच्छा तथा चाहना बढेको पाइन्छ । नेपालमा उपलब्ध मानव निर्मित भ्रमण स्थलहरूमध्ये सङ्ग्रहालय पनि एक आकर्षक स्थलमा पर्दछ ।

नेपालमा हाल केही नयाँ सङ्ग्रहालयहरू खुलेका छन जसमा नेपालको सुन्दर नगरी पोखरामा रहेको अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पनि मानिसहरूका लागि एक महत्त्वपूर्ण तथा आकर्षक स्थलको रूपमा रहेको छ । यस सङ्ग्रहालयमा विषयवस्तु अनुसार प्राकृतिक तथा मानव निर्मित वस्तु तथा सँस्कारको बारेमा रहेको प्रदर्शनी ज्यादैनै आकर्षक रहेको कुरा यहाँ भ्रमण गर्ने दर्शकको सङ्ख्याले पुष्टि गरेको देखिन्छ ।

यस शोधकार्यलाई पुरागर्नका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरूलाई अन्तर्वार्ता सूची भराई तथ्याङ्क सङ्कलन गरिएको छ । अन्तर्वार्ता सूची अनुसार १०५ जना आगन्तुकहरूबाट प्राप्त भएका तथ्याङ्कहरूको विश्लेषण निम्न अनुसार रहेको छ ।

## ५.१ लिङ्ग, उमेर, भौगोलिक क्षेत्र, शिक्षा र पेशाको आधारमा उत्तरदाताहरूको बनोट

सङ्ग्रहालयलाई  परिभाषा गर्ने वा बुझ्ने सन्दर्भमा यसलाई सामाजिक सेवामूलक संस्थाको रूपमा लिन सकिन्छ । सङ्ग्रहालयमा समाजमा रहेका जुनसुकै उमेर समूह, लिङ्ग, शिक्षाको तह, पेशा, भौगोलिक क्षेत्र, शारीरिक बनोट  आदि फरक फरक भएका मानिसहरू बिना रोकतोक  प्रवेश गर्न सक्दछन् । यहाँ भ्रमणगर्नु हुने आगन्तुकहरूलाई कुनै किसिमको भेदभाव गर्ने भन्ने हुँदैन । सवैका लागि समान व्यहार गर्नुपर्ने हुन्छ ।

यस अध्ययनमा शोधकर्ताले अन्तवार्ताको लागि १०५ जना नेपाली आगन्तुकहरू सँग लिएको अन्तर्वाता सूची अनुसार तल उल्लेखित विवरण अनुसारका आगन्तुकहरू रहेको पाइएको छ ।

### ५.१.१ लिङ्ग तथा उमेर समूहको आधारमा आगन्तुकहरु

संग्रहालयमा जुनसुकै लिङ्ग तथा उमेर समूहका आगन्तुकहरुले भ्रमण गर्न सक्दछन् । यस विषयमा अध्ययन गर्दा निम्न अनुसारक लिङ्ग तथा उमेर समूहका आगन्तुकहरु रहेको पाइएको छ ।

**तालिका ५.१.१ लिङ्ग तथा उमेर समूहको आधारमा उत्तरदाता  विवरण**

| उमेर समूह | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिसत | सङ्ख्या | प्रतिसत |
| १०-२० | १४ | १३.३३ | ८ | ७.६२ | २२ | २०.९५ |
| २१-३० | २० | १९.०५ | १८ | १७.१४ | ३८ | ३६.१९ |
| ३१-४० | ८ | ७.६१ | ११ | १०.४८ | १९ | १८.०९ |
| ४१-५० | ४ | ३.८१ | ११ | १०.४८ | १५ | १४.२९ |
| ५१-६० | २ | १.९० | ९ | ८.५८ | ११ | १०.४८ |
| जम्मा | ४८ | ४५.७२ | ५७ | ५४.२८ | १०५ | १००.०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार सङ्ग्रहालयमा भ्रमण गर्नुहुने पुरुष ५४.२८ प्रतिशत छन् भने महिला ४५.७२ प्रतिशत रहेको छ । यस बाट के बुझिन्छ भने महिलाको सङ्ख्या थोरै मात्र पुरुषको भन्दा कम रहेको र महिला आगन्तुकहरू पनि सङ्ग्रहालयमा धेरैनै हुँदा रहेछन् भन्ने देखिन्छ । त्यसैगरी उमेर समूहको आधारमा सवैभन्दा बढी २१ देखि ३० वर्ष उमेर समूहका महिला तथा पुरुष आगन्तुकहरू देखिन्छ । यस बाट के बुझ्न सकिन्छ भने सायद यो उमेर समूहका मानिसहरू बढि फूर्सदिला भएर घुम्न रुचाउने भएको हुनसक्छ ।

### ५.१.२ सङ्ग्रहालयमा आगन्तुकको भौगोलिक विवरण

आन्तरिक तथा बाह्यि पर्यटकहरूको आकर्षणको केन्द्र भनेर चिनिने पोखरा उपत्यकामा यहाँ रहेका प्राकृतिक तथा मानव निर्मित वस्तुहरूको अवलोकन गर्न  बर्सेनी विभिन्न देशका साथै स्वदेशका पनि विभिन्न ठाउँबाट पर्यटकहरू लाखौंको सङ्ख्यामा आउने गर्दछन्  । यसैगरी अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा एक महिना अवधिमा १०५ जना नेपाली आगन्तुकहरू सँग लिएको अन्तर्वार्ता सूची अनुसार ३९ जिल्लाका नेपाली आगन्तुकहरूले यहाँ भ्रमण गरेको पाइएको छ ।

**तालिका ५.१.२ आगन्तुकको भौगोलिक विवरण**

| सि.नं. | जिल्ला | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कास्की | १९ | १८.१० |
| २ | काठमाडौँ | १३ | १२.३८ |
| ३ | दाङ्ग | ७ | ६.६७ |
| ४ | रूपन्देही | ६ | ५.७१ |
| ५ | चितावन | ६ | ५.७१ |
| ६ | झापा | ४ | ३.८१ |
| ७ | तनहुँ | ४ | ३.८१ |
| ८ | सुनसरी | ३ | २.८६ |
| ९ | रुकुम | ३ | २.८६ |
| १० | नुवाकोट | ३ | २.८६ |
| ११ | गोर्खा | ३ | २.८६ |
| १२ | बैतडी | २ | १.९० |
| १३ | बाँके | २ | १.९० |
| १४ | मकवानपुर | २ | १.९० |
| १५ | पाँचथर | २ | १.९० |
| १६ | सिन्धुपाल्चोक | २ | १.९० |
| १७ | गुल्मी | २ | १.९० |
| १८ | अन्य | २२ | २०.९५ |
| | जम्मा | १०५ जना | १००.०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार सवैभन्दा बढी स्थानिय जिल्ला कास्की बाट १९ जना रहेको छ भने दोश्रोमा काठमाडौँबाट १३ जना, दाङ्गबाट ७ जना, रूपन्देही र चितवन बाट ६/६ जना आगन्तुकहरू रहेको छ । त्यसैगरी ४ जना आउनुहुने २ वटा जिल्ल, ३ जना आउनुहुने ४ वटा जिल्ला, २ जना आउनुहुने ६ वटा जिल्ला र अन्यमा १ जना आउनुहुने २२ वटा जिल्लाहरू छन् जसमा स्याङ्जा, सोलोखुम्बु, सप्तरी, सर्लाही, सल्यान, डडेलधुरा, बर्दिया,

दोलखा, ओखलढुङ्गा, भोजपुर, भक्तपुर, पाल्पा, पर्वत, पश्चिम रुकुम, सिन्धुली, ललितपुर, इलाम, उदयपुर, खोटाङ्ग, धादिङ्ग, धनुषा, र धनकुटा रहेको छ ।

### ५.१.३ उत्तरदाताको शैक्षिक स्तर

सङ्ग्रहाललाई एउटा अनौपचारिक शिक्षाको केन्द्रको रूपमा पनि लिन सकिन्छ । ज्ञान तथा शिक्षा लिनका लागि सङ्ग्रहालयमा आउनुहुने आगन्तुकहरू भनेको समाजका विभिन्न तह र तप्काका मानिसहरू हुन्छन् । यस अध्ययनमा औपचारिक रूपमा शैक्षिक स्तर कस्ता कस्ता तहका वा निरक्षर के कस्ता  आउनुहुँदो रहेछन् भन्ने सन्दर्भमा १०५ जना नेपाली आगन्तुकहरू सँग लिएको अन्तर्वार्ता सूची अनुसार निम्न अनुसार रहेको पाइएको छ ।

**तालिका ५.१.३ शिक्षाको आधारमा उत्तरदाताहरू**

| शिक्षा | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| निरक्षर | २ | १.९०५ | २ | १.९०५ | ४ | ३.८१ |
| साक्षर | ४ | ३.८१ | ६ | ५.७१ | १० | ९.५२ |
| एस.एल.सी. | १० | ९.५२ | १३ | १२.३८ | २३ | २१.९० |
| उच्च शिक्षा | ३२ | ३०.४८ | ३६ | ३४.२९ | ६८ | ६४.७७ |
| जम्मा | ४८ | ४५.७२ | ५७ | ५४.२८ | १०५ | १००.०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

मथिको तालिका अनुसार सवैभन्दा बढी उच्च शिक्षा हासिल गरेका आगन्तुकहरूले सङ्ग्रहालय भ्रमण गरेको देखिन्छ यसर्थ हामीले बुझ्न सक्छौं कि सङ्ग्रहालय प्रतिको आकर्षण बढी शिक्षित व्यक्तिलाई हुँदो रहेछ ।

त्यसैगरी यस सङ्ग्रहालय स्थापनाको मूख्य उद्देश्य मध्ये पर्वतीय क्षेत्रमा भएका गतिविधि बारे धेरै भन्दा धेरै शिक्षित व्यक्तिहरूलाई जानकारी गराउने पनि रहेको कुरा मुख्य सूचनादाता बाट जानकारी भए अनुसार यहाँ सवैभन्दा धेरै आगन्तुक शिक्षित नै रहेको हुँदा यो उद्देश्य पुराहुने देखिन्छ ।

### ५.१.४ उत्तरदाताहरूको पेशागत विवरण

सङ्ग्रहालय समाजमा रहेका सवै मानिसहरूका लागि प्रवेश खुल्ला रहने संस्था भएको हुनाले यहाँ विभिन्न पेशा व्यवसाय देखि लिएर बेरोजगार तथा शारीरिक रूपमा अशक्त मानिसहरूपनि आउने गर्दछन् तसर्थ यस विषयमा १०५ जना आगन्तुकहरू सँग अध्ययन गर्दा निम्न अनसारको जानकारी प्राप्त भएको छ ।

**तालिका ५.१.४ पेशाको आधारमा उत्तरदाता**

| सि.नं. | पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यार्थि | ३२ | ३०.४८ |
| २ | नोकरी | २६ | २४.७६ |
| ३. | व्यापारी | १६ | १५.२४ |
| ४. | गृहिणी | ११ | १०.४८ |
| ५. | शिक्षक | ४ | ३.८१ |
| ६. | अन्य | १६ | १५.२४ |
| | **जम्मा** | **१०५** | **१००.००** |


स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार विद्यार्थि ३२ जना, नोकरी गर्ने २६ जना व्यापारी १६ जना, गृहिणी ११ जना, शिक्षक ४ जना र अन्य १६ जना अन्तर्गत सवारी चालक २ जना, पथ प्रदर्शक (गाइड) २ जना, वैदेशीक राजेगारका २ जना, पर्वतारोही, खेलाडी, पत्रकार, कृषक, मजदुर, डुङ्गा चालक १/१ जना, पेशा नखुलाएका ३ जना र समाजमा शारीरिक रूपमा अशक्त मानिसहरू पनि हुने गर्दछन् र उनिहरूले पनि सङ्ग्रहालय भ्रमण गर्दा रहेछन् भन्ने सन्दर्भमा यहाँ १ जना शारीरिकरूपले हिड्न अशक्त महिला ले भ्रमण गरेको पाईएको छ ।

यो अध्ययनमा विद्यार्थि, गृहिणी, पेशा नखुलेका र शारीरिक रूपमा अशक्त वहायक १२ प्रकारका पेशा गर्ने आगन्तुकहरूले सङ्ग्रहालय भ्रमण गरेको पाइएको छ । यस बाट के बुझ्न सकिन्छ भने सङ्ग्रहालय भनेको सवै पेशा, व्यवसाय लगायत बेरोजगार मानिसहरू समेत जान मिल्ने स्थल रहेछ भन्ने आगन्तुकहरूको बुझाई रहेको देखिन्छ ।

## ५.२ सङ्ग्रहालय भ्रमण पटक

मानिसहरू स्वभावैले नयाँ नयाँ ठाउँ तथा वस्तुहरूको अवलोकन गर्ने चाहना राख्दछन् जसले गर्दा एक पटक गएको वा हेरेको ठाउँ वा वस्तुहरू भन्दा नयाँ ठाउँ वा वस्तुहरू हेर्न जान रुचाउदछन् तथापि केही मात्रामा एक पटक भन्दा बढी वा पटक पटक पनि विभिन्न कारणले जानुपर्ने हुन्छ वा इच्छा चाहना पुरा नभएर पनि जानु सक्दछन् । यस विषयमा १०५ जना नेपाली आगन्तुकहरू सँग अध्ययन गर्दा पहिलो पटक भ्रमण गर्ने ६८ जना, दोश्रो पटक भ्रमण गर्ने १९ जना र बाँकी १८ जना आगन्तुकहरू दुई पटक भन्दा वढी पटक भ्रमण गरेको पाइएको छ ।




**वृत्तचित्र ५.२ आगन्तुक भ्रमण पटक प्रतिशतमा**

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

मथिको वृत्तचित्रले देखाए अनुसार पहिलो पटक भ्रमण गर्ने आगन्तुकहरू धेरैनै भएता पनि दुइपटक र त्यो भन्दा पनि बढी पटक पनि आगन्तुकहरू आएको देखिन्छ । यस बाट के बुझिन्छ भने आगन्तुकहरूले सङ्ग्रहालयको भ्रमण पटक पटक पनि गर्दा रहेछन् र सङ्ग्रहालय भनेको पटक पटक गइरहनु पर्ने ठाउँ रहेछ ।

## ५.३ एकल अथवा समूहगत भ्रमण

जो कोही पनि कुनैपनि ठाउँमा घुम्न वा वस्तुहरूको अवलोकन गर्न जाँदा प्रायजसो एक्लै जाने गरेको विरलै पाइन्छ । विशेष गरी घुम्न जादा रमाइलोको लागि गइन्छ । रमाईलो गर्नका लागि एक्लै गएर हुँदैन तसर्थ घुम्न जाँदा प्रायजसो  कोही न कोही सँग साथ लागेर नै जाने चलन धेरै देखिन्छ । यसै सन्दर्भमा यस सङ्ग्रहालयमा भ्रमण गर्ने १०५ जना नेपाली आगन्तुकहरू सँग लिएको अन्तवार्तामा निम्न अनुसार तथ्याङ्क प्राप्त भएको छ ।

**तालिका ५.३ एकल तथा कसैको साथमा भ्रमण**

| सि.नं. | विवरण (एकल तथा साथमा भ्रमण) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साथी | ३६ | ३४.२९ |
| २. | अभिभावक | २१ | २०.०० |
| ३. | परिवार | १९ | १८.१० |
| ४. | समूह | १६ | १५.२४ |
| ५. | आफन्त | ४ | ३.८१ |
| ६. | पर्यटक लिएर | ३ | २.८६ |
| ७. | विद्यालयबाट | ३ | २.८६ |
| ८. | एक्लै | ३ | २.८६ |
| | जम्मा | १०५ | १००.०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार साथी सँग आउने ३६ जना, अभिभावक सँग आउने २१ जना, परिवार लिएर आउने १९ जना, समूह सँग आउने १६ जना, आफन्त सँग आउने ४ जना, पर्यटक लिएर र  विद्यालयबाट आउने ३/३ जना तथा एक्लै आउने ३ जना रहेको पाईयो । यस बाट प्रष्ट हुन्छकि सङ्ग्रहालय भ्रमण गर्ने आगन्तुकहरू एक्लै भनेको विरलै सङ्ख्यामा आउने रहेछन् । यसर्थ आगन्तुकहरूले संगस्रहालयलाई एक्लै भन्दा कोहि सँग साथमा भ्रमण गर्ने स्थलको रूपमा प्रयोग गरेके बढी देखिएको छ ।

## ५.४ भ्रमणको उद्देश्य

मानिसहरूको भ्रमण गर्ने उद्देश्य विभिन्न किसिमको हुने गर्दछ। विशेषतः घुम्नजाने ठाउँ वा हेर्नजाने वस्तुको विशेषता अथवा प्रकृति अनुसार उद्देश्य निर्धारण हुने गर्दछ । यसैगरी सङ्ग्रहालय भ्रमणगर्ने सन्दर्भमा के कस्ता उद्देश्यहरू रहनका साथै कस्ता उद्देश्य लिएर बढी आगन्तुक आउदा रहेछन् भनेर अध्ययन गर्दा निम्न अनुसारका बहु उत्तरहरु प्राप्त भएको छ।

**तालिका ५.४ सङ्ग्रहालय भ्रमणको उद्देश्य**

| सि.नं. | भ्रमणको उद्देश्य | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जानकारी लिन | ७९ | ७५.२४ |
| २. | घुमफिर गर्न | ५६ | ५३.३३ |
| ३ | मनोरञ्जन गर्न | ३० | २८.५७ |
| ४. | पर्यटक घुमाउन | ३ | २.८६ |

स्रोत : कार्यक्षेत्र अध्ययन २०७६

माथिको तालिका अनुसार जानकारी लिन भनेर ७९ जना, घुमफिर गर्न भनेर ५६ जना, शिक्षा तथा मनोरञ्जनका लागि ३० जना र गेष्ट घुमाउन ३ जना आगन्तुकहरूले भ्रमण गरेको पाइएको छ। यस तालिका अनुसार आगन्तुकहरूले सङ्ग्रहालयलाई बुझ्ने सन्दर्भमा सबैभन्दा वढी जानकारी लिने स्थलको रूपमा, त्यसपछि क्रमश घुमफिर गर्ने, मनोरञ्जन गर्ने तथा पर्यटक घुमाउने स्थलको रूपमा बुझेका रहेछन् भन्ने देखिन्छ।

## ५.५ योजना बनाएर अवलोकन गर्न आएका वस्तुहरू

आगन्तुकहरूले सङ्ग्रहालयको भ्रमण गर्ने सन्दर्भमा कतिपय आगन्तुकहरूले सङ्ग्रहालयको प्रकृतिअनुसार प्रदर्शनम राखिएका वस्तुहरू मध्ये आफूलाई विशेष मनपर्ने वस्तुको अवलोकन गर्ने योजना बनाएर पनि भ्रमण गर्ने गर्दछन । यस विषयमा १०५ जना आगन्तुकलाइ अन्तर्वार्ता लिदा ३२ जनाले कुनै विशेष वस्तु अवलोकन गर्ने योजना बनाएर भ्रमण गरेको पाइयो । जसमा हिमाल सम्बन्धीका कुराहरू, पर्वतीय मानिसहरूको बारेमा, पर्वतारोहण सामाग्री, भिडियो हेर्न, बुद्धिष्ट पुजाकोठा, यती तथा जलवायु परिवर्तन सम्बन्धीका कुराहरु अवलोकन गर्न योजना बनाएर भ्रमण गरेको पाइयो ।

## ५.६ आगन्तुकहरूले बढी रुचाएका वस्तुहरू

यस सङ्ग्रहालयले पर्वतीय क्षेत्रसँग सम्बन्धीत विभिन्न वस्तुहरु सङ्कलन गरी प्रदर्शनमा राखेको छ । यहाँ राखिएका वस्तुहरू मध्ये कुन कुन वस्तुहरूमा विशेष गरेर बढी आगन्तुकहरू आकर्षित भए भनेर १०५ जना सँग अध्ययन गर्दा निम्न अनुसारका बहु वस्तुहरू रुचाएको पाइयो ।

**तालिका ५.६ आगन्तुकहरू बढी आकर्शित भएका वस्तुहरू**

| सि.नं. | रुचाएको प्रदर्शित वस्तु | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पर्वतीय मानिस | ६२ | ५९.०५ |
| २. | पर्वत | ४२ | ४० |
| ३. | पर्वतारोहण सामाग्री | २६ | २४.७६ |
| ४. | जिवजन्तु वनस्पति | १७ | १६.१९ |
| ५. | अन्य | ५४ | ५१.४३ |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार पर्वतीय मानिस सम्बन्धी प्रदर्शनीलाई ६२ जनाले, पर्वत सम्बन्धी प्रदर्शनीलाई ४२ जनाले, पर्वतारोही सामाग्री सम्बन्धी प्रदर्शनीलाई २६ जनाले, जिवजन्तु वनस्पति सम्बन्धी प्रदर्शनीलाइ १७ जनाले र अन्य अन्तर्गत भूगर्भ सम्बन्धी प्रदर्शनी र मोडेल लाई ९/९ जनाले, बुद्धिष्ट पुजा कोठा ६ जनाले, पर्वतीय वातावरण र भिडियो ५/५ जनाले, जलवायु परिवर्तन, पर्वतीय गतिविधि तथा झोलुङ्गे पुल ४/४ जनाले, नेपालका विभिन्न जातजातिका फोटो ३ जनाले, मण्डला तथा सङ्ग्रहालय भवन २/२ जनाले र सगरमाथा तथा मृतसागर बाट ल्याएको ढुङ्गाहरू १ जनाले विशेष मनपराएको पाइयो ।

## ५.७ सङ्ग्रहालयबारे बुझाई

नेपालमा सङ्ग्रहालयको विकास ढिलो भएको र हालसम्म धेरै सङ्ग्रहालयहरू नखुलेको स्थितिमा पनि सङ्ग्रहालय भ्रमण गर्ने नेपालीहरूको सङ्ख्या उल्लेख्य देखिन्छ । धेरै नेपाली आगन्तुकहरूले सङ्ग्रहालय भ्रमण गरिरहेको अवस्थामा सङ्ग्रहालबारे के कस्तो जानकारी तथा ज्ञान रहेछ भनेर बुझ्नका लागि अन्तर्राष्ट्रि पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरूलाई सङ्ग्रहालय भनेको के हो भनेर प्रश्न गर्दा समग्रमा तल उल्लेखित उत्तरहरू प्राप्त भएको छ ।

- **पुराना सामानहरू सङ्कलन गरी देखाउने ठाउँ :-** साधारणतया सङ्ग्रहालयलाई पुराना वस्तुहरू सङ्कलन गरेर देखाउने ठाउँ वा भवन भनेर बुझ्ने गर्दछन् । यस शोधकार्यमा पनि आगन्तुकहरू सँग जानकारी लिदा पुराना सामान देखाउने ठाउँ भनेर धेरैजसो आगन्तुकहरूबाट उत्तर प्राप्त भएको छ ।

- **पुराना तथा नयाँ समानहरू सङ्कलन गरी देखाउने ठाउँ :-** सङ्ग्रहालयले आफ्नो विषयवस्तु अनुसार उद्देश्य हासिल गर्नका लागि सामान सङ्कलन गर्ने सन्दर्भमा पुराना तथा नयाँ दुवै प्रकृतिका वस्तुहरू सङ्कलन गर्ने गर्दछ । यस बारेमा यहाँ भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरू सँग बुझ्दा सङ्ग्रहालयलाई पुराना तथा नयाँ सामानहरू सङ्कलन गरी देखाउने ठाउँ भनि बुझेको पाइयो ।

- **कुनैपनि वस्तु वा ठाउँको बारेमा वृस्तृत जानकारी दिने स्थल** :- सङ्ग्रहालयमा विभिन्न किसिमका वस्तुहरू विभिन्न ठाउँहरू बाट सङ्कलन गरिएको हुन्छ र यहाँ प्रदर्शित वस्तुहरूको माध्यमबाट संग्रहालयले उक्त वस्तुको बारेमा र ठाउँको बारेमा वृस्तृत रूपमा जानकारी दिने गर्दछ । यस विषयमा आगन्तुकहरू सँग बुझ्दा कुनैपनि वस्तु वा ठाउँको बारेमा वृस्तृत जानकारी दिने स्थलको रूपमा सङ्ग्रहालयलाई बुझेको पाइयो ।

- **फूर्सतको बेलामा घुम्ने ठाउँ** :- सङ्ग्रहालय भनेको शिक्षा तथा जानकारी साथसाथै फुर्सदको समयमा घुम्न गई मनोरञ्जन लिने स्थल पनि हो । धेरै मानिसहरू फुर्सदको समयमा सङ्ग्रहालयमा घुम्न गई मनोरञ्जन लिने गरेको पाइन्छ । यस विषयमा यहाँ भ्रमण गर्नुहुने आगन्तुकहरू सँग बुझ्दा सङ्ग्रहालयलाई फुर्सदको समयमा घुम्ने ठाउँ भनेर बुझेको पाइएको छ ।

- **ऐतिहासिक, साँस्कृतिक, जातिय, कलात्मक वस्तुहरू जोगाई पछिका सन्ततिलाई राखिदिने ठाउँ** :- सङ्ग्रहालयमा संकलित सामानहरू ऐतिहासिक, साँस्कृति, जातिय, कलात्मक लगायत अन्य धेरै महत्त्वका हुने गर्दछन् । यस्ता प्रकृतिका सामानहरू सङ्कलन गरी भावी

पुस्ताहरूका लागि जोगाइराख्ने काम सङ्ग्रहालयले गर्दछ तसर्थ सङ्ग्रहालयलाई इतिहासलाई वर्तमान सँग जोडी भविष्यको बारेमा आँकलन गर्ने स्थलको रूपमा पनि बुझ्न सकिन्छ । यस विषयमा आगन्तुकहरू सँग जानकारी लिदा सङ्ग्रहालयलाई ऐतिहासिक, साँस्कृति, जातिय, कलात्मक वस्तुहरू जोगाई पछिका सन्ततिलाई राखिदिने ठाउँ भनेर बुझेको पाइएको छ ।

- **विभिन्न वस्तुहरूलाई एकतृत गरी देखाउने, ज्ञान दिने, शिक्षा तथा जानकारी दिने स्थल :-** सङ्ग्रहालयले विषयवस्तु अनुसार उद्देश्य हासिल गर्नका लागि विभिन्न ठाउँमा रहेको विभिन्न प्रकारका वस्तुहरू भेलापारेर एकतृत गरी आगन्तुकहरूलाई शिक्षा, जानकारी तथा मनोरञ्जन दिनका लागि प्रदर्शनी गर्ने गर्दछ । यस बारेमा यहाँ भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरू सँग बुझ्दा सङ्ग्रहालयलाई विभिन्न वस्तुहरू एकतृत गरी देखाउने, ज्ञान दिने, शिक्षा तथा जानकारी दिने स्थल भनेर बुझेको पाइयो ।

यस अध्ययनमा समग्रमा नेपाली आगन्तुकहरूले सङ्ग्रहालयलाई साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, जातिय, कलात्मक, शैक्षिक महत्त्वका भौतिक वस्तुहरू सङ्कलन गरेर देखाई ज्ञान तथा मनोरञ्जन दिने स्थल भनेर बुझेको देखिन्छ तथापि सङ्ग्रहालय सम्बन्धी अन्तर्राष्ट्रिय संस्था अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषदको परिभाषा अनुसार भौतिक तथा अभौतिक (मूर्त तथा अमूर्त) दुवै किसिमका वस्तुहरूको माध्यम बाट ज्ञान तथा मनोरञ्जन दिने गर्दछ भन्ने छ ।

## ५.८ सङ्ग्रहालय र राजनीतिविच सम्बन्ध

सङ्ग्रहालयलाई बुझ्ने सन्दर्भमा सङ्ग्रहालय भनेको मुनाफारहित सामाजिक संस्था हो भनेर पनि बुझ्न सकिन्छ । सङ्ग्रहालयले आफ्नो विषयवस्तु अनुसारका वस्तुहरू सङ्कलन गरेर मानिसलाई ज्ञान तथा जानकारी दिने गर्दछ । यसले बटुल्ने वस्तु भनेको समाजका विभिन्न विषयसँग महत्त्व तथा सम्बन्ध राख्ने किसिमका हुने भएकोले राजनीतिलाई सङ्ग्रहालयमा प्रदर्शित वस्तुले छोएको महसुस गराउछ कि गराउँदैन भनेर १०५ जना नेपाली आगन्तुकहरू सँग प्रश्न गर्दा निम्न अनुसारको धारणा रहेको पाइएको छ ।

**तालिका ५.८ सङ्ग्रहालय र राजनीतिविचको सम्बन्ध बारे धारणा**

| सि.नं. | आगन्तुकको धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सम्बन्ध छैन | ८६ | ८१.९० |
| २. | सम्बन्ध छ | १ | ०.९५ |
| ३. | थाहा छैन | १८ | १७.१४ |
| | **जम्मा** | **१०५** | **१००.००** |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

मथिको तालिका अनुसार ८६ जना आगन्तुकले गराउँदैन, १८ जना आगन्तुकले थाहाछैन र १ जना आगन्तुकले गराउछ भनेर उत्तर दिनु भएको छ । गराउँछ भनेर उत्तर दिनुहुने आगन्तुकलाई कसरी गराउँछ भनि प्रश्न गर्दा सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरूले राजनीतिक कुराहरू बताउने भएकोले भन्ने उत्तर दिनुभएको छ । यस तालिका अनुसार एक प्रतिशत भन्दा कम आगन्तुकको बुझाईमा मात्र सङ्ग्रहालयको प्रदर्शनीले राजनीतिक महसुस गराएको भन्ने देखिन्छ । यसर्थ सङ्ग्रहालयको सम्बन्ध राजनीतिक कुरासँग  नहुँदो रहेछ भन्ने  बुझाई रहेको देखिन्छ ।

## ५.९ सङ्ग्रहालय र समाज

सङ्ग्रहालयमा सङ्कलनगरी प्रदर्शनमा राखिएका वस्तुहरू मध्ये धेरैजसो वस्तुहरू समाजमा मानिसहरूले प्रयोग गरेका वस्तुहरू हुन्छन् तसर्थ सङ्ग्रहालयमा भ्रमण गर्दा हामीले हाम्रो समाजमा रहेका वस्तुहरू देख्ने गर्दछौं । यस बारेमा १०५ जना आगन्तुक सँग सङ्ग्रहालयमा समाजको स्वरूप कत्तिको पाउनु भयो भनि प्रश्न गर्दा निम्न अनुसारको धारणा रहेको पाइएको छ ।

**तालिका ५.९ सङ्ग्रहालयमा समाजको स्वरूप प्राप्त बारे धारणा**

| सि.नं. | आगन्तुकको धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राम्रो पाए | ८८ | ८३.८१ |
| २. | ठिकै पाए | १६ | १५.२४ |
| ३. | थाहा छैन | १ | ०.९५ |
| | **जम्मा** | **१०५** | **१००.००** |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार ८८ जनाले राम्रो पाए, १६ जनाले ठिकै पाए र १ जना आगन्तुकले थाहाछैन भनेर उत्तर दिनुभएको छ । यसै विषयमा मुख्य सूचनादाताहरूलाई यस सङ्ग्रहालयले समाजप्रति पारेको सकरात्मक प्रभाव के के हुन भनि प्रश्न गर्दा यस सङ्ग्रहालयमा समाजमा भएका धेरै कुराहरूको प्रदर्शनी भएको हुनाले यस बारेमा बुझ्नका लागि आगन्तुकहरूलाई सहयोग पुगेको छ भनिरहेको अवस्थामा यस बारेमा प्राप्त भएको तथ्याङ्क सँग मिल्न आएको छ ।

यस तालिका अनुसार सङ्ग्रहालयलाई समाजको स्वरूपको रूपमा अथवा सङ्ग्रहालयको सम्बन्ध समाजसँग हुँदो रहेछ भन्ने आगन्तुकहरूको बुझाई रहेको देखिन्छ ।

## ५.१० सङ्ग्रहालयमा प्रदर्शन गर्नुपर्ने वस्तुहरू बारे धारणा

सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरूको अवलोकन गर्न नेपालीहरू धेरैको सङ्ख्यामा गइरहेको अवस्थामा के कस्ता वस्तुहरू सङ्ग्रहालयमा प्रदर्शन गर्दा उपयुक्त वा राम्रो हुन्छ भनेर बुझ्नका लागि शोधकर्ताले अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्नुहुने १०५ जना नेपाली आगन्तुकहरू सँग प्रश्न गर्दा निम्न सुझाबहरू प्राप्त भएको छ ।

**क. साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, परम्परागत, लोपोन्मुख, दुर्लभ, जातिय, वैज्ञानिक, धार्मिक, कलात्मक तथा मूर्तिहरू, शैक्षिक महत्त्वका वस्तुहरू राखिनु पर्छ :-** यस विषयमा अध्ययन गर्दा वास्तवमा सङ्ग्रहालयको प्रकृति अनुसार यिनै विषका वस्तुहरू सङ्ग्रह गरेर आगन्तुकहरूलाई देखाउने गर्दछन । सङ्ग्रहालयमा प्रर्दशनी गरिने मूर्तिको सन्दर्भमा अध्ययन गर्दा देवताका मूर्तिहरू प्रदर्शन गरिएको हुन्छ र यस सङ्ग्रहालयको विषयवस्तु भित्र मूर्ति नपर्ने भएको हुनाले मूर्ति बहायक माथि उल्लेखित महत्त्वका वस्तुहरू सङ्कलन गरी प्रदर्शनीमा रहेको छ ।

**ख. जैविक विविधताका वस्तुहरू राखिनुपर्छ :-** यस विषयको सर्न्दभमा यस सङ्ग्रहालयमा एउटा जिवजन्तु वनस्पति शाखा रहेको छ जहाँ पर्वतीय क्षेत्रमा पाइने जैविक विविधताको वस्तहरु जस्तै बोट विरुवा, पंक्षीमा डाँफे, मुनाल, जनावरमा हिउँ चितुवा, बाघ, पानी बिरालो, टिबेटियन अर्घालीको सिङ्ग, बाज, सरिसृपहरू तथा पुतलीहरूको प्रदर्शनी रहेको छ ।

**ग. खेलकुद सम्बन्धी वस्तुहरू राखिनु पर्छ :-** खेलकुद सम्बन्धी वस्तुहरू राखिनु पर्छ भन्ने सन्र्दभमा हाल पर्वतारोहणलाई साहसीक खेल मानिएको छ र पर्वत तथा हिमाल आरोहण गर्दा प्रयोग गर्ने सामाग्रीलाई खेलकुद सामाग्री मान्न सकिन्छ साथै हिउँमा हिउँ चिप्लेटि (स्कि) खेल समेत खेलिने भएको हुनाले यस खेलमा प्रयोग हुने सामान समेत प्रदर्शनीमा रहेको छ । यस बहायक अन्य खेलहरूमा प्रयोग हुने वस्तुहरू भने यसको क्षेत्रभित्र नपर्ने भएकोले प्रदर्शनी नगरिएको हुन सक्दछ ।

**घ धेरै पर्वतारोहीहरूको बारेमा राखिनु पर्छ** :- पर्वतीय क्रियाकलाप कक्षमा केही नेपाली आरोही हरू जस्तै पासाङलामु शेर्पा, काजी शेर्पा, शम्भु तामाङ्ग, मिङमा ग्याबु शेर्पा हरुको बारेमा मात्र प्रदर्शनी भएको हुँदा अन्य प्रख्यात नेपाली आरोहीहरुको वारेमा पनि प्रदर्शनी होस् भन्ने मान्यता रहेको पाइयो ।

**ङ. भौगोलिक जानकारी दिने कुराहरू राखिनु पर्छ :-** भौगोलिक विषयको सन्दर्भमा यस सङ्ग्रहालयको पर्वतीय क्रियाकलाप कक्ष अर्न्तगत जिवजन्तु वनस्पति कक्षमा एक्याप संस्थाले क्रियाकलाप गर्ने भौगोलिक क्षेत्रको जानकारी दिने गरी उक्त क्षेत्रको मोडल र भैगर्भिक कक्षमा सगरमाथा बारे जानकारी दिनका लागि सगरमाथाको मोडेल रहेको छ । यस बहायक अन्य क्षेत्रको मोडेल नरहेको हुनाले अन्य क्षेत्रको समेत जानकारी पाउनका लागि भनेर आगन्तुक बाट भौगोलिक जानकारी दिने कुराहरू राखिनु पर्छ भन्ने सुझाब आएको हुनसक्छ ।

## ५.११ सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरूको अवलोकन बाट भएको अनुभव

सङ्ग्रहालयमा भ्रमण गर्नुहुने आगन्तुकहरूको विभिन्न किसिमका चाहनाहरू हुने गर्दछ र सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरूको अवलोकन गरेर आफ्ना इच्छा तथा चाहनाहरू पुरागर्ने गर्दछन् । यसै सन्दर्भमा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्नुहुने आगन्तुकहरूले यहाँ प्रदर्शित वस्तुहरूको अवलोकन गरेर कतिले कस्तो अनुभव लिनुभयो भनेर बुझ्नका लागि १०५ जना नेपाली आगन्तुक हरूलाई प्रश्न गर्दा तल उल्लेख भए अनुसार बहुधारणा रहेको पाईएको छ ।

**तालिका ५.११ प्रदर्शित वस्तुहरूको अवलोकन बाट प्राप्त भएको अनुभव विवरण :**

| सि.नं. | अनुभव विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | खुसी र सन्तुष्टि लाग्यो | ७३ जना | ६९.५२ |
| २. | मनोरञ्जनात्मक लाग्यो | ५९ जना | ५६.१९ |
| ३. | जानकारी तथा शिक्षा मुलक लाग्यो | ७१ जना | ६७.६२ |
| ४. | नरमाइलो लाग्यो | ० | ० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार यस सङ्ग्रहालयमा भ्रमण गर्नुहुने आगन्तुकहरूले खुसी र सन्तुष्टि, मनोरञ्जनात्मक र जानकारी तथा शिक्षा मुलक अनुभव प्राप्त गरेको बुझिन्छ भने सङ्ग्रहालयको भ्रमणबाट नरमाइलो अनुभव हुँदो रहेनछ भन्ने देखिन्छ ।

## ५.१२ सङ्ग्रहालय र पहिचान

सङ्ग्रहालयमा सङ्कलन गरी प्रदर्शनीमा राखिएको वस्तुहरूले विभिन्न किसिमका पहिचान दिने गर्दछ । नेपालमा हाल सङ्ग्रहालयलाई एउटा पहिचानको केन्द्रको रूपमा पनि मानिसहरूले बुझ्न थालेका छन् । कतिपय जातिय संस्थाहरूले सङ्ग्रहालय खोलेर आफ्नो जातिय पहिचान जोगाउने कार्य गरिसकेको छ । हाम्रो समाजमा भएका कतिपय वस्तु तथा सँस्कृतिहरू लोप भएर जानलागेको अवस्थामा ति वस्तु तथा सँस्कृतिको जगेर्ना गरी पहिचान जोगाउने काम सङ्ग्रहालयबाट भइरहेको हुँदा सङ्ग्रहालयमा भएका वस्तुहरूले के के पहिचान दिन्छ भनेर प्रश्न गर्दा बहु उत्तर स्वरूप निम्न अनुसारको धारणा रहेको पाइएको छ ।

**तालिका ५.१२ सङ्ग्रहालयले दिने पहिचान बारे धारणा**

| सि.नं. | सङ्ग्रहालयले दिने पहिचान | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जातजातिको | ९२ | ८७.६२ |
| २. | ठाउँ तथा समाजको | ८४ | ८०.०० |
| ३. | सँस्कार र रितिको | ७७ | ७३.३३ |
| ४. | धर्मको | ६७ | ६३.८१ |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार जातजातिको भनेर ९२ जनाले, ठाउँ तथा समाजको भनेर ८४ जनाले, सँस्कार र रितिको भनेर ७७ जनाले र धर्मको भनेर ६७ जना आगन्तुकहरूले उत्तर दिनुभएको छ । यसर्थ सङ्ग्रहालयलाई जातजातिको, ठाउँ तथा समाजको, संस्कार तथा रितिको र धर्मको बारेमा पहिचान दिने स्थलको रूपमा बुझेको दिखन्छ ।

संग्रहालयको वारेमा बुझाइको विश्लेषण गरिसके पछि संग्रहालयमा उपलब्ध भएका सेवा तथा सुविधाहरु प्रति धारणा के कस्तो रहन गयो भनेर गरिएको अध्ययनलाई अर्को अध्यायमा देखाइएको छ ।

# अध्याय छ

# सङ्ग्रहालयमा उपलब्ध सेवा बारे आगन्तुकहरूको धारणा

।

संग्रहालमा आगन्तुकहरुको सुविधाको साथसाथै आकर्षण गर्ने उद्देश्यले विभिन्न किसिमका सुविधाहरुको ब्यवस्था गरिएको हुन्छ र ति सुविधाहरुले आगन्तुकहरुको आवश्यतालाई के कति पुरागर्न सक्यो र यस प्रति आगन्तुकहरुको धराणा के कस्तो रहन गयो भनेर बुझ्नु आवश्यक हुन्छ । यसै विषयमा यस संग्रहालयमा उपलब्ध सुविधाहरु वारे आगन्तुकहरुको धराणा बुझ्दा निम्न अनुसारको जानकारी प्राप्त भएको छ ।

## ६.१ जानकारी तथा सूचनाको माध्यम

जानकारी पाउने वा लिने सन्दर्भमा कतिपय अवस्थामा पर्यटकहरू आफैले थाहापाउदछन् भने कतिपय अवस्थामा सम्बन्धीत निकायले विभिन्न माध्यमबाट जानकारी गराउने गरेको पाइन्छ । यस सङ्ग्रहालयमा भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरूले कुन कुन माध्यमबाट जानकारी पाउँदा रहेछन् साथै कुन माध्यमबाट बढी जानकारी हुँदो रहेछ भन्ने विषयमा बुझ्न १०५ जना नेपाली आगन्तुकहरू सँग लिइएको अन्तर्वार्ता सूची अनुसार निम्न अनुसारको जानकारी प्राप्त भएको छ ।

**तालिका ६.१ सङ्ग्रहालयबारे जानकारी तथा सूचना को माध्यम**

| सि.नं. | जनकारीको माध्यम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साथी | ४३ | ४०.९५ |
| २. | आफन्त | २७ | २५.७१ |
| ३. | पर्यटन सूचना केन्द्र | ९ | ८.५७ |
| ४. | वेभसाइट | ६ | ५.७१ |
| ५. | विद्यालय | ५ | ४.७६ |
| ६. | पत्रपत्रिका | ३ | २.८६ |
| ७ | होर्डिङ्ग वोर्ड | ३ | २.८६ |
| ८. | अन्य | ९ | १.९० |
| | **जम्मा** | **१०५** | **१००.००** |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार साथी, आफन्त, पर्यटन सूचना केन्द्र, वेभसाइट, विद्यालय, पत्रपत्रिका, होर्डिङ्ग वोर्ड बहायक अन्यमा  फेसबुक, अफिस र परिवार मार्फत २/२ जनाले, गुगल, टेलिभिजन, टेक्सी ड्राइभर मार्फत १/१ जनाले थाहा पाएको देखिन्छ । यसरी यस अध्ययनमा जानकारी तथा सूचनाको माध्यममा १३ वटा माध्यमबाट जानकारी तथा सूचना भएको देखिन्छ । प्रचार प्रसारको विषयमा मुख्य सूचनादाताहरूले सुधार गर्नुपर्ने पक्षमा यो विषयमा पनि कमि रहेको बताउनु भएको थियो तसर्थ यस अध्ययनबाट प्राप्त भएको तथ्याङ्कको आधारमा सुधार गर्नुपर्ने विषयमा सहयोग पुग्दछ ।

## ६.२ एरो चिन्हको आवश्यकता बारे धारणा

प्रायजसो सबै सङ्ग्रहालयहरूमा आगन्तुकहरूका लागि सिलसिलेवर तरिकाले सम्पूर्ण प्रदर्शित वस्तुहरूको अवलोकन गराउन ग्यालरीमा बाटो देखाउने एरो चिन्हहरू ठाउँ ठाउँमा राखेको हुन्छ र यो  सङ्ग्रहालयमा पनि आगन्तुकहरूका लागि बाटो देखाउन एरो चिन्हहरू ठाउँ ठाउँमा राखिएको छ । यसरी राखिएको एरो चिन्ह कत्तिको प्रभावकारी भयो भनेर यसको आवश्यकताको बारेमा १०५ जना आगन्तुकहरू सँग बुझ्दा निम्न अनुसारको धारणा रहेको पाइएको छ ।

**तालिका ६.२ सङ्ग्रहालयमा एरो चिन्हको आवश्यकता**

| सि.नं. | एरो चिन्ह बारे धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आवश्यक पर्छ | ८९ | ८४.७६ |
| २. | आवश्यक पर्दैन | ४ | ३.८१ |
| ३. | थाहा छैन | १२ | ११.४३ |
| | **जम्मा** | **१०५** | **१००.००** |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार एरो चिन्हको आवश्यकता पर्छकी पर्दैन भन्ने प्रश्नमा ८९ जना आगन्तुकले आवश्यक पर्छ , ४ जना आगन्तुकले आवश्यक पर्दैन र १२ जना आगन्तुकले थाहाछैन भनेर उत्तर दिएको पाइएको छ ।

## ६.३ एरो चिन्हको प्रयाप्तता

सङ्ग्रहालयमा आगन्तुकहरू घुम्दा नअलमलिउन भनेर एरोचिन्हहरू विभिन्न ठाउँमा राखिएको छ र यस विषयमा आगन्तुकहरूलाई एरो चिन्हहरू प्रयाप्त तथा उपयूक्त ठाउँमा

राखिएको छ कि छैन भनेर प्रश्न गर्दा धेरै जनाले प्रयाप्त तथा उपयूक्त ठाउँमा राखिएको छ भनेर उत्तर दिए भने थोरै सङ्ख्याले प्रयाप्त मात्रामा उपयूक्त ठाउँमा छैन भनेर उत्तर दिएका छन् । साथै सङ्ग्रहलायमा आगन्तुकहरूलाई घुम्दा नअलमलिउन भनेर एरो चिन्ह राखिएता पनि आगन्तुकहरू अलमलिएको पाइएको छ । यस विषयमा ग्यालरीमा घुम्दा अलमलिनु भयो कि भएन भनि प्रश्न गर्दा धेरैजसो आगन्तुकहरूबाट अलमलिन भनेर उत्तर प्राप्त भएको छ भने थोरैबाट अलमलिए भनेर उत्तर प्राप्त भएको छ । यस अध्ययनले देखाएको तथ्याङ्क अनुसार नेपालीहरूको सूचना प्रति चासो दिने बानी कम रहेको जस्तो देखिन्छ ।

## ६.४ एक्सप्लोर एप्स बारे जानकारी, प्रयोग तथा अनुभव

कुनै पनि भईरहेको अवस्थामा थप सुधार तथा सकरात्मक परिवर्तन आउनु भनेको विकास हो । दुनियामा विद्युतिय प्रविधिको विकासले ज्यादै ठूलो परिवर्तन ल्याएको हामिले देखिरहेका छौं । कम्प्यूटर, मोबाइलफोन आदि इत्यादि सवै विद्युतिय साधन हुन जसको प्रयोगले कामलाई छिटोछरितो तथा सजिलो गरी धेरै मात्रामा गर्न सकिने भएको छ ।

प्रायजसो सङ्ग्रहालयमा आउने दर्शकहरूलाई जानकारी दिनका लागि गाइडको व्यवस्था गरिएको हुन्छ । आजकाल गाइडको साथसाथै नयाँ नयाँ विकसित प्रविधिहरूको समेत व्यवस्था गरेको पाइन्छ र यस्ता प्रविधिहरूको प्रयोग गरेर सुविधा लिन सक्दछन् तर यस्ता सुविधाहरू हुँदा हुँदैपनि यस सम्बन्धी ज्ञान तथा जानकारी सबैलाई नहुन सक्दछ । हाम्रो जस्तो विकासको दुनियाँमा ज्यादै पछि परेको देशमा यस सम्बन्धी ज्ञान तथा जानकारी धेरै मानिसमा नहुन सक्दछ भन्ने सन्दर्भमा यस सङ्ग्रहालयमा पनि म्यूजियम एक्सप्लोर एप्स बारे यहाँ भ्रमण गर्ने नेपाली आगन्तुकहरूमा के कति जानकारी रहेछ भनेर १०५ जना सँग बुझ्नका लागि प्रश्न गर्दा निम्न अनुसारको उत्तर प्राप्त भएको छ ।

**तालिका ६.४ एक्सप्लोर एप्स बारे जानकारी**

| सि.नं. | एक्सप्लोर एप्स बारे विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जानकारी छ | ९ | ८.५७ |
| २. | जानकारी छैन | ९६ | ९१.४३ |
| | **जम्मा** | **१०५** | **१००.००** |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार ९६ जनाबाट थाहा छैन र ९ जनाबाट थाहा छ भनेर उत्तर प्राप्त भएको छ र यो सुविधा प्रयोग गर्नुभयो कि भएन भनेर प्रश्न गर्दा १०१ जनाबाट प्रयोग नगरेको उत्तर पाइएको छ । यस अध्ययन अनुसार नेपाली आगन्तुकहरूले नयाँ कुराहरूको बारेमा ढिलो जानकारी पाउने तथा जानकारी भएकाहरूले पनि प्रयोग गर्न नसक्ने वा यस्ता प्रकारका सुविधाहरू प्रति बानी नपरेका कारणले प्रयोग गर्न नरुचाएको हुन सक्ने देखिन्छ ।

## ६.५ सङ्ग्रहालयमा भएको सुविधाहरूको प्रयोग तथा सन्तुष्टि

सङ्ग्रहालयमा आगन्तुकहरूको सुविधाको लागि विभिन्न कुराहरू उपलब्ध गराएको हुन्छ । जसले गर्दा आगन्तुकहरूलाई सङ्ग्रहालय प्रति आकर्षण पनि बढाउने गर्दछ तर सङ्ग्रहालयमा उपलब्ध सुविधाहरू सबैका लागि सबै सुविधा आवश्यक नहुन पनि सक्दछ भने कतिपय सुविधाहरू पहुँचयोग्य नुहन पनि सक्दछ र कतिपय सुविधाहरू जानकारी नभएको कारणले उपयोग गर्न नपाएको पनि हुन सक्दछ । यसबारेमा अध्ययन कर्ताले सङ्ग्रहालयमा उपलब्ध कुन कुन सुविधाहरू कत्तिका सङ्ख्याले प्रयोग गरे भनेर अध्ययन गर्दा निम्न अनुसारको बहु उत्तर प्राप्त भएको छ ।

**तालिका ६.५ उपलब्ध सुविधाहरूको प्रयोग**

| सि.नं. | प्रयोग भएको सुविधा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आराम गर्ने कुर्सी | ६३ | ६०.०० |
| २. | भिडियो | ६२ | ५९.०५ |
| ३. | पार्किङ | ५८ | ५५.२४ |
| ४. | शौचालय | ५७ | ५४.२९ |
| ५ | पुस्तकालय | ४७ | ४४.७६ |
| ६. | खानेपानी | १५ | १४.२९ |
| ७. | सामान राख्ने लकर | ११ | १०.४८ |
| ८. | गाइड | ९ | ८.५७ |
| ९. | हुइलचियर | १ | ०.९५ |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार सबैभन्दा बढी आरामगर्ने कुर्सीको प्रयोग भएको देखिन्छ भने त्यसपछि क्रमश भिडियो, पार्किङ्ग, शौचालय, पुस्तकालय, खानेपानी, सामान राख्ने लकर, गाइड र हुइलचियर प्रयोग भएको देखिन्छ ।

## ६.६ सुविधा प्रयोग बारे धारणा

सङ्ग्रहालयले उपलब्ध गराएको सुविधा प्रयोग गरेर आगन्तुकहरूलाई कत्तिको सन्तुष्ट भएछ भनेर १०५ जना आगन्तुकहरू सँग बुझ्दा निम्न अनुसारको धराणा प्राप्त भएको छ ।

**तालिका ६.६ आगन्तुकहरूको सुविधा प्रयोग बारे धारणा**

| सि.नं. | सुविधा बारे धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पूर्ण सन्तुष्ट छु | ८१ | ७७.१४ |
| २. | ठिकै सन्तुष्ट छु | २१ | २०.०० |
| ३. | सन्तुष्ट छुइन | २ | १.९० |
| ४. | थाहा छैन | १ | ०.९५ |
| | **जम्मा** | **१०५** | **१००.००** |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार धेरैजसो आगन्तुकहरु पूर्ण सन्तुष्ट भएको देखिन्छ भने केही आगन्तुकहरु सन्तुष्ट नभएको पनि देखिन्छ ।

## ६.७ प्रवेश टिकट दर

सङ्ग्रहालय भनेको एउटा मुनाफारहित सेवामुखी संस्था भएता पनि यसलाई सञ्चालन गर्नका लागि आगन्तुकहरूसँग प्रवेश शुल्क लिनु पर्ने हुन्छ । यसको आर्थिक आम्दानी भनेको मुख्य रूपमा प्रवेश टिकट नै हो । यसै सन्दर्भमा यस सङ्ग्रहालयमा नेपाली तथा नेपाली विद्यार्थिको प्रवेश टिकट लिएर भ्रमण गर्नुहुने आगन्तुकहरूलाई प्रवेश टिकटर दर कस्तो लाग्यो भनेर १०५ जना सँग प्रश्न गर्दा निम्न अनुसार उत्तर प्राप्त भएको छ ।

**तालिका ६.७ प्रवेश टिकट दर बारे धारणा**

| सि.नं. | टिकटदर बारे धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ठिकै लाग्यो | ७७ | ७३.३३ |
| २. | महङ्गो | १७ | १६.१९ |
| ३. | सस्तो | ११ | १०.४८ |
| | **जम्मा** | **१०५** | **१००.००** |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार धेरैजसो आगन्तुकहरुले टिकटदर ठिकै लाग्यो भनेको देखिन्छ भने १७ प्रतिशत आगन्तुकले महङ्गो र ११ प्रतिशत आगन्तुकहरुले सस्तो लाग्यो भनेको देखिन्छ ।

## ६.८. सङ्ग्रहालयको भ्रमण बारे धारणा

प्रायजसो मानिसहरू कुनैपनि वस्तु तथा ठाउँको अवलोकन तथा भ्रमण एक पटक मात्र गरेर सन्तुष्टि हुँदैनन् । एक पटक गएको ठाउँमा फेरि पनि जाने तथा एक पटक हेरेको वस्तुलाई फेरीपनि हेर्ने चाहाना हुन्छ भने अरुहरूलाई पनि आफू घुमेको ठाउँको बारेमा घुम्नका लागि उपयूक्त छ अथवा छैन भनेर सिफारिस गर्ने गर्दछन् ।

यसै सन्दर्भमा यस सङ्ग्रहालयको भ्रमण पुनः कहिले गर्नुहुन्छ होला भन्ने बारेमा प्रश्न गर्दा धेरैजसो आगन्तुकहरूले समय मिलेमा भनेर उत्तर दिनुभएको पाइएको छ । केही आगन्तुकले ६ महिना अथवा १ वर्ष सम्ममा भनेर उत्तर दिनुभएको छ भने आउँदिन भनेर उत्तरदिनुहुने आगन्तुक कोहीपनि हुनुहुन्न ।

यसैगरी यस सङ्ग्रहालयमा भ्रमण गर्नका लागि अरुहरूलाई सिफरिस गर्ने सन्दर्भमा यहाँको भूमिका कस्तो होला भनेर प्रश्न गर्दा १०५ जना सवैले सिफारिस गर्छु भनेर उत्तर दिनुभएको छ ।

यसैगरी समग्रमा आजको भ्रमण बाट कत्तिको सन्तुष्ट हुनुहुन्छ भनेर १०५ जना सँग प्रश्न गर्दा निम्न अनुसारको उत्तर प्राप्त भएको छ ।

**तालिका ६.८ सङ्ग्रहालय भ्रमण बाट प्राप्त सन्तुष्टि बारे धारणा**

| सि.नं. | सन्तुष्टि बारे धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पुर्ण सन्तुष्ट छु | ४८ | ४५.७१ |
| २. | सन्तुष्ट छु | ५१ | ४८.५७ |
| ३. | ठिकै सन्तुष्ट छु | ६ | ५.७१ |
| ४. | कत्तिपनि सन्तुष्ट छुइन | ० | ० |
| | **जम्मा** | **१०५** | **१००.००** |

श्रोत : कार्यक्षेत्र अध्ययन, २०७६

माथिको तालिका अनुसार अतिसन्तुष्ट छु भन्नुहुने ४८ जना,  सन्तुष्ट छु भन्नुहुने ५१ जना, ठिकै सन्तुष्ट छु भन्नुहुने ६ जना देखिन्छ भने कत्तिपनि सन्तुष्ट छुइन भन्नुहुने एक जना पनि नरहेको देखिन्छ । यस तथ्याङ्क अनुसार सङ्ग्रहालय भ्रमण गर्नुहुने आगन्तुकहरू पूर्ण रूपमा असन्तुष्ट रहने हुँदो रहेनछ भन्ने बुझिन्छ । साथै सङ्ग्रहालयमा भएको प्रदर्शनीले आगन्तुकहरूको सन्तुष्टि धेरै मात्रामा पुरा गर्न सकेको बुझिन्छ ।

## ६.९ सङ्ग्रहालय प्रति सुझाव तथा अपेक्षा

यस सङ्ग्रहालयमा भ्रमण गर्नुहुने १०५ जना नेपाली आगन्तुकहरू सँग अन्तर्वार्ता सूची भराउने सन्दर्भमा अन्त्यमा सङ्ग्रहालय प्रति केही सुझाव छ कि भनि प्रश्न गर्दा समग्रमा सुझाव तथा अपेक्षा तल उल्लेख भए अनुसार प्राप्त भएको छ ।

कुनैपनि कुराहरूको बारेमा जानकारी हुनका लागि सम्बन्धीत निकाएले प्रचार प्रसार गर्नुपर्ने हुन्छ । यस अध्ययनमा मुख्य सूचना दाताले यस सङ्ग्रहालयको सुधारगर्नुपर्ने कुराहरूमा प्रचार प्रसारको कमी भएको कुरा बताइरहेको अवस्थामा अध्ययन गर्दा आगन्तुकहरूबाट सङ्ग्रहालयको बारेमा जानकारी दिने वस्तुहरू विभिन्न ठाउँमा उपलब्ध भए राम्रो हुने कुरा बताएको पाइएको छ । त्यसैगरी अहिलेको समयमा हरेककुराहरू डिजिटलाइज भइरहेको अवस्थामा यस सङ्ग्रहालयको प्रचार प्रसार डिजिटल माध्यमबाट गरियोस भन्ने कुरा पनि आएको छ ।
सङ्ग्रहालयको विषयवस्तुअनुसार विभिन्न किसिमका वस्तुहरू सङ्कलन गरिएको हुन्छ र ति वस्तुहरूले समाजको चित्रण गर्ने, विभिन्न किसिमका पहिचान दिने, शिक्षा, ज्ञान तथा मनोरञ्जन दिने गर्दछ । यसै सन्दर्भमा देशको सम्पूर्ण भेगको , जातिय, धार्मिक, संस्कृतिक कुराहरूका साथै ऐतिहासिक, पुरातात्विक, लोपोन्मुख बस्तु लगायत अन्य धेरै कुराहरूको जानकारी हुनेगरी प्रदर्शनी गरियोस भन्ने सुझाब रहेको छ । त्यसैगरी यो सङ्ग्रहालयको विषयवस्तु अनुसार हिउँको वास्तविक अनुभव लिनसक्ने वातावरण सृजना गरियोस भन्ने कुरापनि आएको छ ।

सङ्ग्रहालयको दिर्घकालिन भविष्यको लागि यहाँ भएका वस्तुहरूको संरक्षण, सुरक्षा, उपलब्ध सुविधाहरूलाई चुस्त दुरुस्त राख्नु पर्ने, नयाँ नयाँ सुविधाहरू थपिदै जानु पर्ने हुन्छ । यसै सन्दर्भमा यहाँ भ्रमण गर्ने आगन्तुकहरूले यहाँको समानहरूको संरक्षण र सुरक्षालाई ध्यान दिइयोस्, उलब्ध सुविधाहरूलाई चुस्त दुरुस्त राखिनुका साथै यसको स्तर

उन्नतिमा कमी नआवस, नयाँ नयाँ सुविधाहरू थपिदै जाउन, समाजका सवै किसिमका मानिसहरूले सङ्ग्रहालयमा भ्रमण गर्ने हुनाले सवैका लागि उपयूक्त हुने सुविधाहरूको व्यवस्था होस् । जस्तै, अपाङ्गमैत्री शौचालय, बुढापाका तथा अशक्तहरूको लागि सहयोग गर्ने कर्मचारीको व्यवस्था गरियोस् , गाइडगर्ने कर्मचारी कम भएको, हुइल चियर आउने बाटो सहज बनाइयोस् , क्यान्टिन, सोभेनियर सपको व्यवस्था गरियोस्, गार्डेनलाई आकर्षित बनाउनका सथै प्रसस्त मात्रामा बस्ने ठाउँको व्यवस्था गरियोस् , पार्किङ्ग व्यवस्थित गरियोस, पुस्तकालयको ठाउँ अझ ठूलो बनाइयोस, फिलिम अलिक लामो देखउनु पर्ने जस्ता सुझावहरू आएका छन् ।

# अध्याय सात

# सारांश, निष्कर्ष र सुझावहरू

यस अध्यायमा अध्यनको सारांश, अध्ययनबाट भएको मुख्य प्राप्ति, अध्ययनको निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

## ७.१ अध्ययनको सारांश

यस अध्ययनको मुख्य उद्देश्य सङ्ग्रहालय बारे नेपाली हरूको बुझाई र सेवा प्रति उनिहरूको धारणा के रहेको छ भनेर समग्रमा बुझ्ने रहेको छ । समयको परिवर्तन सँगसँगै विभिन्न क्षेत्रमा आएको परिवर्तन तथा विकासले गर्दा मानिसहरूका दैनिक जीवनशैली तथा सोचमा परिवर्तन आएको पाइन्छ । हालको अवस्थामा नेपालीहरूले आफ्ना इच्छा तथा चाहनाहरूलाई पुरागर्ने सन्दर्भमा सङ्ग्रहालयमा पनि उल्लेख्य मात्रामा भ्रमण गरेको पाइन्छ । सङ्ग्रहालयलाई बुझ्ने वा प्रयोग गर्ने सन्दर्भमा अनौपचारिक शैक्षिक संस्था, सांस्कृतिक केन्द्र, सेवामुलक सामाजिक संस्था, मनोरञ्जन स्थल, पर्यटकीय स्थल आदि इत्यादि रूपमा चिन्न वा उपयोग गर्न सकिन्छ । मानवशास्त्रको अध्ययनमा साँस्कृतिक मानवसास्त्र एक शाखाको रूपमा अध्ययनको विषयवस्तु भएको हुँदा सङ्ग्रहालयमा धेरैजसो वस्तुहरू साँस्कृतिक महत्त्वका हुने भएकोले यस बारेमा मानिसहरूको बुझाई र उपलब्ध भएका सेवा सुविधा बारे धारणा के कस्तो रहन गयो भनेर अध्ययन गर्नका लागि पोखरा महानगरपालिका वडा नं. १७ रातोपैह्रो स्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्नुहुने नेपाली नागरिकहरू सँग यस विषयमा बुझ्ने प्रयास गरिएको छ ।

यस अध्ययनमा सैद्धान्तिक विश्लेषणका लागि प्रचारवादी सिद्धान्तलाई आधार मानिएको छ । अनुसन्धानको ढाँचामा वर्णनात्मक र विश्लेषणात्मक ढाँचा प्रयोग भएको छ । अध्ययनमा प्रायजसो प्राथमिक तथ्याङ्क छन् भने आवश्कता अनुसार अध्ययनलाई प्रष्ट पार्न केही द्वितिय तथ्याङ्कहरू समेत सङ्कलन गरी वर्णनात्मक तथा विश्लेषणात्मक रूपमा व्याख्याका साथै विविध तालिका र वृतचित्रमा प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि अन्तर्वार्ता अनुसूची, स्थलगत अवलोकन विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

यस अध्ययनमा पोखरा महानगरपालिका वडा नं. १७ स्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरूसँग सङ्ग्रहालय प्रतिको उनीहरूको बुझाई र सेवाप्रतिको धारणा के रहेछ भन्ने विषयमा केन्द्रित रहि सङ्ग्रहालय भनेको के हो, यहाँ प्रदर्शित वस्तुहरू मध्ये कुन कुन वस्तुहरू बढी राम्रो लाग्यो, सङ्ग्रहालयमा कस्ता वस्तुहरू प्रदर्शन गर्दा उपयुक्त हुन्छ, यहाँ उपलब्ध सेवा सुविधाहरू के कस्तो लाग्यो, कुन कुन सेवा सुविधाहरू प्रयोग गर्नुभयो, अझ के के सेवा सुविधाहरू आवश्यक छ जस्ता प्रश्नहरूमा १०५ जना आगन्तुकहरू सँग अन्तर्वार्ता लिईएको छ भने ५ जना यस सङ्ग्रहालयबारे जानकार व्यक्तिहरू सँग मुख्य अन्तर्वार्तादाता ठानी वहाँहरूको धारणा तथा राय लिने काम भएको छ।

## ७.२ मुख्य प्राप्तिहरू

यस अध्ययनमा सोधिएका अन्तर्वार्ता प्रश्नावलीको अधारमा निम्न अनुसारको मुख्य प्राप्ति रहेको छ।

**आगन्तुकको सामाजिक/साँस्कृतिक पृष्ठभूमी**

- लिङ्गको अधारमा पुरुष ५४.२८ प्रतिशत र महिला ४५.७२ प्रतिशत रहेका छन्।
- उत्तरदाता मध्ये उमेर समूहको आधारमा सवैभन्दा बढी २१ देखि ३० वष उमेर समूहका आगन्तुकहरू आएको पाइएको छ।
- शिक्षाको अधारमा उच्च शिक्षा अध्ययन गर्नुहुने आगन्तुकहरू बढी आएको पाइएको छ।
- यस सङ्ग्रहालयमा भ्रमण गर्नुहुने धेरैजसा आगन्तुकहरू पहिलो पटक आएको पाइएको छ।
- सङ्ग्रहालयको बारेमा थाहापाउने माध्यममा मुख्य गरी साथि, आफन्त र पर्यटक सुचना केन्द रहेको छ।
- ९७ प्रतिशत भन्दा बढी आगन्तुकहरू कसैसँग साथमा आएको पाइएको छ।

**आगन्तुकको संग्रहालय वारे बुझाई**

- भ्रमणको उद्देश्य के थियो भन्ने प्रश्नमा बहुउत्तर आएको छ। जसमा सवैभन्दा बढी सङ्ग्रहालय बारे जानकारी लिने भन्ने उत्तर आएको छ।

- सङ्ग्रहालयमा केही आगन्तुकहरू योजना बनाएर विशेष वस्तु हेर्ने उद्देश्यले भ्रमण गरेको पनि पाइएको छ ।
- प्रदर्शनीमा राखिएको वस्तुमध्ये सवैभन्दा बढी रुचाइएकोमा क्रमश पर्वतीय मानिसकक्ष, पर्वत कक्ष, पर्वतारोहण सामाग्री, जिवजन्तु शाखा, भुगर्भ शाखा र मोडेलहरू छन् ।
- सङ्ग्रहालय भनेको के हो भन्ने प्रश्नमा समग्रमा ऐतिहासिक, पुरातात्विक, जातिय, साँस्कृति वस्तुहरू भेलागरेर देखाउने ठाउँ, शिक्षा तथा जानकारी दिने ठाउँ, विषय वस्तुअनुसारका वस्तुहरू सङ्कलन गरेर राख्ने ठाउँ, मनोरञ्जन गर्न घुम्ने ठाउँ, पुराना वस्तुहरू सङ्कलन गरेर आउँदा पिडीहरूलाई बाचाई राख्ने ठाउँ भन्ने उत्तरहरू पाइएको छ ।
- सङ्ग्रहालयको प्रदर्शनीले राजनितीलाई छोएको महसुस गराउछ गराउँदैन भन्ने प्रश्नमा गराउछ भन्नेमा १ प्रतिशत भन्दा कम पाइएको छ ।
- सङ्ग्रहालयको भ्रमण गरिसकेपछि समाजको स्वरूपलाई संकेत कत्तिको गरेको पाउनु भयो भन्ने प्रश्नमा दुइतिहाई भन्दा बढीले राम्रो पाए भनेको छ ।
- सङ्ग्रहालयमा कस्तो वस्तुहरू राख्दा प्रभावकारी होला भन्ने सन्दर्भमा विशेष गरेर साँस्कृतिक, लोपोन्मुख, पुरातात्विक, बैज्ञानिक, सामाजमा लुकिएका, शैक्षिक, कृषि सम्बन्धी, मनोरञ्जनात्मक लगायत जनावर तथा पशुपंक्षीहरू राखेमा राम्रो हुने राय व्यक्त गरेको पाइयो ।
- प्रदर्शित वस्तुहरूको अवलोकन गरेर कस्तो अनुभव भयो भन्ने प्रश्नमा बहु धारणा पाइएको छ ।
- सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरूले के के पहिचान दिन्छ भन्ने प्रश्नमा बहुँ धारणा रहेको पाइएको छ ।

**आगन्तुकहरूको सेवा प्रतिको धारणा**

- एरो प्रयोग गर्नुपर्ने छ कि छैन भन्ने प्रश्नमा दुइतिहाई भन्दा बढी आगन्तुकले प्रयोग गर्नु पर्ने छ भनेर उत्तर दिएको पाइएको छ ।
- एरो चिन्ह प्रयाप्त उपयुक्त ठाउँमा छ कि छैन भन्ने प्रश्नमा दुइतिहाई भन्दा बढी आगन्तुकले उपयुक्त ठाउँमा छ भनेको पाइयो ।

- घुम्दा अल्मलिनु भयोकि भएन भन्ने प्रश्नमा दुइतिहाई भन्दा बढी आगन्तुकले अल्मलिन भनेको पाइएको छ ।
- म्यूजियम एक्सप्लोर एप्स बारे कुनै जानकारी छ भन्ने प्रश्नमा ९० प्रतिशत भन्दा बढि अगन्तुकले जनकारी छैन भनेको पाइएको छ ।
- एप्स प्रयोग गर्नु भयो कि भएन भन्ने प्रश्नमा अधिकांस आगन्तुकहरूले प्रयोग नगरेको पाइएको छ ।
- एक्सप्लोर एप्स प्रयोग गर्नुहुने मध्येलाई प्रयोग गर्दा कस्तो लाग्यो भन्ने प्रश्नमा सबैले राम्रो लाग्यो भन्नु भएको पाइएको छ ।
- यहाँ उपलब्ध सुविधाहरूमा आरामगर्न राखिएको कुर्सी, श्रव्य/दृश्य, शौचालय, पार्किङ्गहरू बढी उपयोग भएको छ ।
- दुइतिहाई भन्दा बढी आगन्तुकहरू यहाँ उपलब्ध सेवाहरू बाट सन्तुष्ट भएको पाइएको छ ।
- यहाँ थप्नुपर्ने सेवा सुविधाहरूमा विशेष गरेर क्यानिटन, सोभेनियर सप, आरामगर्ने कुर्सीहरू रहेको पाइयो ।
- टिकटदर कस्तो लाग्यो भन्ने प्रश्नमा दुइतिहाई भन्दा बढी आगन्तुकले ठिकै लाग्यो भनेको पाइएको छ ।
- सङ्ग्रहालयको भ्रमण पुन कहिले सम्ममा गर्नुहुन्छ भन्दा करिब ९५ प्रतिशतले समय मिलेमा भनेर उत्तर दिएको छ ।
- सङ्ग्रहालय भ्रमणको लागि सिफारिस गर्छु भन्नेमा १०० प्रतिशत पाइयो ।
- सङ्ग्रहालयको भ्रमण बारे धेरैजसो आगन्तुकले सन्तुष्ट छु भनेको पाइयो ।
- आगन्तुकहरूबाट सङ्ग्रहालयलाई दिइएको सुझाबहरूमा प्रचार प्रसारका कुराहरू, डिजिटल प्रमोसन, अझ नयाँ नयाँ वस्तुहरु थप्दै जानुपर्ने, यसको स्तरउन्नति आगामी दिनमा तल नझरोस, सुविधाहरू चुस्त दुरुस्त बनाउने, क्यान्टिन र सोभेनियर सपको आवश्यकता , आर्कषक बगैंचाका कुराहरू रहेको पाइएको छ ।

## ७.३ निष्कर्ष

नेपालमा सङ्ग्रहालयको विकास तथा निर्माणको सन्दर्भमा सुन्दर नगरी पोखरामा नेपाल पर्वतारोहण संघद्वारा वि.सं २०६० सालमा अन्तर्राष्ट्रि पर्वतीय सङ्ग्रहालय निर्माण गरी सञ्चालनमा ल्याएको हो । पर्वतीय क्षेत्रको विषयमा विस्तृत रूपमा जानकारी दिने यो सङ्ग्रहालय नमुना सङ्ग्रहालय भएको पाइयो ।

पर्वतीय मानिस, पर्वत तथा पर्वतारोहण भन्ने विषयगत मुख्य सोचअनुसार यस सङ्ग्रहालयमा आवश्यक वस्तुहरूको सङ्कलन गरी प्रदर्शन गरिएको छ । यहाँ भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरूको सङ्ख्या उल्लेख्य रहनुका साथै सङ्ग्रहालयमा प्रवेश गर्न समाजमा रहेका सवै किसिमका मानिसहरूको लागि खुल्ला हुन्छ भन्ने सन्दर्भमा यहाँ सवै उमेर समूह, निरक्षर, साक्षर, शिक्षित, लिङ्ग, भेग, पेशा, शारीरिक रूपले अशक्त सवै प्रकारका आगन्तुकहरूले भ्रमण गरेको पाइयो । सङ्ग्रहालय बारेको बुझाईमा यसलाई मनोरञ्जन स्थल, शैक्षिक ज्ञान हासिल गर्न सकिने स्थल, पुराना, साँस्कृतिक, ऐतिहासिक, विषयगत, धार्मिक महत्त्वका वस्तुहरूको सङ्कलन तथा संरक्षण गरी भावी पुस्ताहरूको लागि समेत बाचाई राखिदिने स्थल भनेर बुझेको पाइयो ।

यहाँ उपलब्ध सुविधाहरूबाट आगन्तुकहरू सन्तुष्ट नै रहेको पाइएता पनि कतिपय सुविधाहरू अपुग भएकोकुरा अध्ययनमा पाइएको छ । सङ्ग्रहालयबारे जानकारी दिने पर्चा तथा उपलब्ध सुविधा हरूको प्रयोगका सन्दर्भमा सूचना तथा जानकारीको कमि भएको पाइएको छ भने गाइड सेवापनि अपुग भएको पाइएको छ । आधुनिक तथा विकसित सुविधा अर्न्तगत रहेको म्युजियम एक्सप्लोर (मोबाइल गाइड) बारे धेरैलाई जानकारी तथा ज्ञान नभएको पाइएको छ भने जानकारी हुनेहरूले पनि सवैले प्रयोग गरेको पाइएन ।

सङ्ग्रहालय भ्रमणगर्ने अधिकांस आगन्तुकहरू सङ्ग्रहालय प्रति खुसी र सन्तुष्टि भएको पाईएको छ र सुझाव तथा अपेक्षाको सन्दर्भमा आउँदा दिनहरूमा कम्तिमा पनि हालको अवस्था भन्दा तल नझरोस साथै अझ यसको विकास तथा प्रगतिका लागि समय अनुसार नयाँ नयाँ वस्तुहरू थपिदै जाओस र आगन्तुकहरूको सुविधाका चिजहरू पनि अझ थपिदै जाओस भनेको पाईएको छ ।

## ७.४ सुझावहरू

नेपाली आगन्तुकहरूको सङ्ग्रहालय प्रतिको बुझाई र सेवाहरू प्रतिको धारणा बारे बुझ्नका लागि अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा गरिएको यस अध्ययनबाट सङ्ग्रहालय व्यवस्थापक, नितिनिर्माता तथा यस बारेमा थप अध्ययन गर्न चाहनेहरूका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

- सङ्ग्रहालयमा समाजमा रहेका सवै किसिमका मानिसहरूले भ्रमण गर्ने हुनाले विषय विज्ञ कर्मचारी देखि लिएर आवश्यक पर्ने सवै खालका कर्मचारीहरूको व्यवस्था गरिनु पर्दछ ।
- सवै आगन्तुकहरूका लागि पहुँच नपुग्ने कुराहरूबारे आवश्यक ज्ञान तथा जानकारी दिने व्यवस्था मिलाइनु पर्दछ ।
- विशेषत यस सङ्ग्रहालयम आगन्तुकहरूको जानकारीको लागि व्यवस्था गरिएको म्यूजियम एक्सप्लोर एप्स (मोबाइल गाइड) खासै उपयोग गरेको पाइएन तसर्थ यसबारे प्रभावकारी किसिमले आगन्तुकहरूलाई जानकारी गराउनु पर्दछ ।
- सङ्ग्रहालयमा आगन्तुकहरूका लागि उपलब्ध गराइने सम्पूर्ण कुराहरू चुस्त दुरुस्त रूपमा पहुँचयोग्य किसिमले व्यवस्था गरिनु पर्दछ ।
- नेपाली आगन्तुकहरूले सूचना तथा साइनवोर्डहरू प्रति कम रुची राख्ने गरेको पाईयो तसर्थ उनीहरूलाई यस विषयमा जानकारी गराउनु पर्दछ ।
- यो अध्ययन संख्यात्मक भएको सन्दर्भमा अव गरिने अनुसन्धानलाइ गुणात्मक विधी प्रयोग गरी संग्रहालयको वारेमा थप गहन विश्लेषण गर्नका लागि सुझाव दिइन्छ । साथै संग्रहालय र सँस्कृति विचको अन्तक्रिया सँग सम्वन्ध भएर थप अध्ययनहरु हुन आवश्यक देखिन्छ ।

# सन्दर्भ सूची


कार्की, गोविन्द सिंह (वि.स. २०६४), *साँस्कृतिक पर्यटन,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

खतिवडा, कोमल प्रसाद र दाहाल, कमला (वि.स. २०७५), *नेपालको साँस्कृतिक पर्यटन,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

गुरुङ्ग, हर्क (सन् २००६), *विषय विविध,* ललितपुर : हिमाल किताब प्रकाशन ।

वराल, वासु (वि.स. २०५५), *संस्कृति सहायक कला र वास्तुकला तथा पुरातत्व,* विराटनगर/काठमाडौं : भुवन प्रकाशन ।

विष्ट, डोरबहादुर (सन् १९९७), *सवैजातको फूलवारी,* काठमाडौं : साझा प्रकाशन ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (वि.स. २०६०), *नेपालका कला र वास्तुकला,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

डंगोल, बलरामदाश (वि.स. २०४४), *अभिलेख बन्दोबस्तको सिद्धान्त र राष्ट्रिय अभिलेखालय,* काठमाडौं : संकटा प्रेश (प्रकाशिका रमादेवी) ।

भट्टराई, लेखनाथ (इ.सं. २००७), *पर्यटन व्यवस्थापन,* काठमाडौं : जानुका प्रकाशन ।

पुरी, उद्धव (वि.स. २०७५), *पर्यटन, विकाश र नेपाल,* काठमाडौंः तलेजु प्रकाशन ।

टण्डन, गोविन्द (वि.स. २०५५), *संस्कृति संरक्षण,* काठमाडौंः श्री झरेन्द्र शमशेर

ज.व.रा. एवं श्रीमती मन्जु राणा, कुञ्ज निवास, महाराजगञ्ज ।

हागन, टोनी (वि.स. २०५८), *नेपालको चिनारी,* काठमाडौंः हिमाल किताब प्रा.ली. ।

द्विवेदी, पशुपतिकुमार (वि.स. २०३२), *सङ्ग्रहालय र समाज,* काठमाडौं : राष्ट्रिय सङ्ग्रहालय, छाउनी ।

शर्मा, कमलराज (वि.सं.२०६६), *मानवशास्त्रीय सैद्धान्तिक देष्टिकोणहरु,* काठमाण्डौं: ग्लोबल पब्लिकेसन प्रा.लि. ।

**पत्र-पत्रिका तथा अन्य**

भट्टराई, ज्ञानेश्वर (वि.स. २०७४/७५), *वृहत ज्ञानकोष,* काठमाडौं : आशिष बुक हाउस प्रा.लि. ।

न्यौपाने, गोविन्द, २०७३ साल असार ४ गते शनिवार पेज नं. ७, गोरखा पत्र

राष्ट्रिय दैनिक, "सभ्यताको दस्तावेज सङ्ग्रहालय"।

नेपाल पर्वत, वर्ष ३, अंक ७ भाद्र २१, २०५९, नेपाल पर्वतारोहण संघ ।

शर्मा (नेपाल),वसन्तकुमार, (वि.स. २०७०), *नेपाली शब्दसागर* (सोपपतिक कोश), काठमाडौं : भाभा प्रकाशन प्रा.लि. ।

**English Refrence**

Bhargaviamma, Venugopal (2002), *Museum Visitor Studies*, New Delhi: National Museum Institute, Janpath.

Ambrose, Timothy and Paine, Crispin (2005), *Museum Basic*, 2nd edition, London and Nw York : Taylor and Francis Group.

Edson, Gary and Dean, David (Reprinted 1996), *The Hand Book for Museum,* London : Routledge

Bedekar, V.H. (1995), *New Museology For India*, New Delhi: national Museum Institute of History of Art, Conservation and Museology, National Museum

Dean, David, (1996), *Museum Exhibition: Theory and Practice*, London: Routledge

ICOM, (2009), Vol.62, Museum and Tourism

Gurung, Harka (2004AD), *Peaks And Pinnacles*, Kathmandu: Nepal Mountaineering Association.

UNESCO (2006), Pairs: Museum Basic, Vol XXVI

Selected Papers of the ICOM ICR Special Project 2016-2017.

MOCTCA (2017), Nepal Tourism Statistic 2017, Kathmandu: government of Nepal Ministry of Culture Tourism & Civil Aviation

Ember, Carol R. and Ember, Melvin and Peregrine, Peter N. (2012), *Anthropology* 12th Edition, Dorling Kindersley (India) Pvt. Ltd.

Nepal Mountaineering Association Profile, July 2017.

Journal of Patan Museum, Patan Museum: 2018.

The Museum in 90- Minutes, National Museum–New Delhi, Hand Book

**Electronic Media**

https://digital.lib.washington.edu

https://pdfs.semanticscholar.org

Ecohohimal.org/fileadmin/Mailrunner/MA%20Thesis%20Samir%20 Shrestha.pdf

CAM'99-EmmanuelArinze.GuyanFinal.pdf

## अनुसूची १

## अन्तर्वार्ता अनुसूची

### अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय, पोखरामा भ्रमण गर्नुहुने नेपाली आगन्तुकहरूका लागि तयारपारिएको अन्तर्वार्ता प्रश्नावली (शोधार्थी राजन जोशी)

सङ्ग्रहालय बारे नेपाली आगन्तुकहरूको बुझाई र सेवाहरू प्रतिको धारणा विषयमा शोधपत्र तयारगरी त्रिभुवन विश्व विद्यालय मानविकी तथा मानवशास्त्र सङ्काय अर्न्तगत मानवशास्त्र विषयको स्नातकोत्तर तहको आंसिक आवश्यकता परिपूर्तिका लागि पृथ्वीनारायण बहुमुखी क्याम्पस मानवशास्त्र विभागमा शोधपत्र प्रस्तुत गर्न यो अन्तर्वार्ता फारम भराउन गइरहेको व्यहोरा यहाँमा हार्दिक अनुरोध गर्न चाहन्छु । तल उल्लेखित प्रश्नहरूको जवाफ दिई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दै यहाँले दिनुभएको जानकारी मेरो अध्ययनका लागि मात्र सीमित रहने कुरा पूर्ण विश्वास दिलाउन चाहन्छु । सहयोगका लागि धन्यवाद !

१. व्यक्तिगत विवरण:

नाम लिङ्ग :- पुरुष ☐ महिला ☐

उमेर जिल्ला शहर/गाउँ

शैक्षिक योग्यता : १. निरक्षर ☐ २. साक्षर ☐ ३. एस.एल.सी ☐

४. उच्च शिक्षा ☐ पेशा

२. यस सङ्ग्रहालयमा पहिले आउनु भएको थियो कि थएन ?

१. आएको थिए ☐ २. आएको थिइन ☐

३. यदि आएको भए आजसम्म कति पटक आउनु भयो ?

१☐ २☐ ३☐ ४☐ ५☐ अझ धेरै ☐

४. यो सङ्ग्रहालयको बारेमा कसरी थाहा पाउनु भयो ?

१. साथीबाट ☐ २. आफन्तबाट ☐ ३. पर्यटक सूचना केन्द्रबाट ☐

४.पत्रपत्रिकाबाट ☐ ५ रेडियोबाट ☐ ६. टेलिभिजनबाट ☐

७.वेभसाइटबाट ☐ ८. फेसबुकबाट ☐ ९.होर्डिङ्ग वोर्डबाट ☐

१०. अन्य ..........................................................................

५. को सँग आउनु भयो ?

१. एक्लै ☐ २. साथी ☐ ३. अभिभावक ☐ ४.विद्यालयबाट ☐ ५.समूह ☐

६. अन्य ............................................................

६. तपाईको आजको भ्रमणको उद्देश्य के थियो ?

१. सङ्ग्रहालय बारे जानकारी लिने☐ २. घुमफिर गर्ने ☐

३. शिक्षा तथा मनोरञ्जन ☐

४.अन्य ......................................

७. आजको सङ्ग्रहालयको भ्रमणमा कुनै विशेष वस्तु हेर्ने योजना थियो ?

१. थियो☐ २. थिएन☐

८. यदि थियो भने कुन कुन वस्तु हेर्ने योजना थिया ?

१. पर्वतीय मानिसहरूको बारेमा अवलोकन गर्ने☐

२. हिमालको बारेमा बुझ्ने ☐ ३. हिमालयको उत्पत्ति बारे बुझ्ने ☐

४. भिडियो हेर्ने☐ ५. पर्वतारोहण सामाग्रीको अवलोकन गर्ने ☐

६. यतीबारे बुझ्ने☐ ७. लाखाङ (बुद्धिष्टहरूको पुजाकोठा) हेर्ने ☐

८. सगरमाथा र मृत सागर बाट ल्याएको ढुङ्गा हेर्ने ☐

९. माथि उल्लेख गरेको बहायक यहाँ भएको अन्य प्रदर्शनीको बारे भए भनिदिनु हुन्थोकी ?

..........................................................................................

..........................................................................................

९. प्रदर्शनीमा राखिएको वस्तुहरू मध्ये सवैभन्दा राम्रो के के लाग्यो ?

१. २.

३. ४.

१०. सङ्ग्रहालयमा घुम्नका लागि बाटो देखाउने एरो चिन्ह प्रयोग गर्नु पर्ने छ कि छैन ?

१. छ ☐ २. छैन☐ ३. याद गरिन☐

११. यदि छ भने एरो चिन्ह प्रयाप्त उपयुक्त ठाउँमा राखिएको छ कि छैन ?

१. छ ☐ २. छैन ☐

१२. ग्यालरी घुम्दा अल्मलिनु भयो कि भएन ?

१. अल्मलिए☐ २. अल्मलिन ☐

१३. म्यूजियम एक्सप्लोर एप्स बारे कुनै जानकारी छ ?

१. छ ☐ २. छैन☐

१४. प्रयोग गर्नु भयो कि भएन ?

१. गरे ☐ २. गरिन ☐

१५. यदि प्रयोग गर्नुभएको भए कस्तो लाग्यो ?

१. राम्रो लाग्यो ☐ २. राम्रो लागेन ☐ ३. झन्झटिलो लाग्यो ☐

१६. यहाँ उपलब्ध कुन कुन सुविधा प्रयोग गर्नु भयो ?

१. पार्किङ्ग ☐ २. हुइल चियर ☐ ३. सामानराख्ने लकर ☐

४. गाइड ☐ ५ श्रव्य/दृश्य ☐ ६. पुस्तकालय ☐

७. खानेपानी ☐ ८. शौचालय ☐

९.आराम गर्न राखिएको कुर्सी ☐ १०.अन्य ................

१७. यहाँ उपलब्ध सेवाहरू बाट सन्तुष्ट हुनुहुन्छ ?

१. पुर्ण सन्तुष्ट छु ☐ २. ठिकै सन्तुष्ट छु ☐ ३. सन्तुष्ट छुइन ☐

१८. यहाँ थप्नुपर्ने नयाँ सेवाहरू के के भयो भने राम्रो हुन्छ जस्तो लाग्छ ?

१. २.

३. ४.

१९. टिकटदर कस्तो लाग्यो ?

१. सस्तो ☐ २. ठिकै ☐ ३. महङ्गो ☐

२०. हजुरको बुझाईमा सङ्ग्रहालय भनेको के हो ?

१.

२.

३.

२१. हजुरको बुझाईमा सङ्ग्रहालयको प्रदर्शनीले नपत्याउँदो रूपमा राजनीतिलाई छोएको जस्तो महसुस गराउछ कि गराउादैन ?

१. गराउँछ ☐ २. गराउँदैन ☐ ३. थाहा छैन ☐

२२. यदि गराउँछ भन्ने लाग्छ भने कसरी प्रभावित पारेको ठान्नुहुन्छ ।

१. २.

३. ४.

२३. यहाँले सङ्ग्रहालयको भ्रमण गरिसके पछि समाजको स्वरूपलाई संकेत कत्तिको गरेको पाउनु भयो ?

१. राम्रो पाए ☐ २. ठिकै ☐ ३. पाईन ☐ ४. थाहाछैन ☐

२४. एदि पाउनु भएन भने के के गर्नु पर्ला ?

१. ...................................................................

२. ...................................................................

२५. हजुरको विचारमा सङ्ग्रहालयमा कस्तो वस्तुहरू राख्दा प्रभावकारी होला ? कृपया प्राथमिकताको आधारमा क्रमश भनिदिनुस न ?

१. २. ३.

४. ५. ६.

२६. यहाँ प्रदर्शित वस्तुहरूको अवलोकन गरेर हजुरले के कस्तो अनुभव लिनुभयो ?

१. खुसी र सन्तुष्टि लाग्यो ☐ २. मनोरञ्जनात्मक लाग्यो ☐

३. जानकारी तथा शिक्षा मुलक लाग्यो ☐ ४. नराम्रो लाग्यो ☐

२७. हजुरको विचारमा सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरूले के के पहिचान दिन्छ ?

१. ठाउँ तथा समाजको ☐ २. जात जातिको ☐ ३. धर्मको ☐

४. सँस्कार/रितिको ☐ ५. अन्य ...............................................

२८. यस सङ्ग्रहालयको भ्रमण पुन कहिले सम्ममा गर्नुहुन्छ होला ?

१. १ वर्ष सम्ममा ☐ २. ६ महिना सम्ममा ☐

३. समय मिलेमा ☐ ४. आउँदिन होला ☐

२९.यस सङ्ग्रहालयमा भ्रमणको लागि सिफारिस गर्ने सन्दर्भमा यहाँको भूमिका कस्तो होला ?

१.सिफारिस गर्छु ☐ २. गर्दिन ☐ ३. थाहा छैन ☐

३०. समग्रमा आजको भ्रमणबाट हजुर कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

१. पुर्ण सन्तुष्ट छु ☐ २. सन्तुष्ट छु ☐

३. ठिकै सन्तुष्ट छु ☐ ४.कत्तिपनि सन्तुष्ट छुइन ☐

३१. सङ्ग्रहालयप्रति यहाँको केही सुझाव छ कि ?

## अनुसूची २

## मुख्य सूचना दाताहरू सँग जानकारी लिनका लागि सोधिएका प्रश्नहरू

## अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय, पोखरामा को बारेमा मुख्य सूचनादातालाई तयारपारिएको अन्तर्वार्ता प्रश्नावली (शोधार्थी राजन जोशी)

सङ्ग्रहालय बारे नेपाली आगन्तुकहरूको बुझाई र सेवाहरू प्रतिको धारणा विषयमा शोधपत्र तयारगरी त्रिभुवन विश्व विद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय अन्तर्गत मानवशास्त्र विषयको स्नातकोत्तर तहको आंसिक आवश्यकता परिपूर्तिका लागि पृथ्वीनारायण बहुमुखी क्याम्पस मानवशास्त्र विभागमा शोधपत्र प्रस्तुत गर्न यो अन्तर्वार्ता फारम यहाँलाई मुख्य सुचनादाताको रूपमा भराउन गइरहेको व्यहोरा हार्दिक अनुरोध गर्न चाहन्छु । तल उल्लेखित प्रश्नहरूको जवाफ दिई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दै यहाँले दिनुभएको जानकारी मेरो अध्ययनका लागि मात्र सीमित रहने कुरा पूर्ण विश्वास दिलाउन चाहन्छु । सहयोगका लागि धन्यवाद !

१. हजुरको परिचय

२. हजुर यस सङ्ग्रहालय सँग कसरी नजिक हुनुहुन्छ ?

३. यस सङ्ग्रहालयको बारेमा केही बताइदिनुस न ?

४. यस सङ्ग्रहालयको जग्गा कसरी प्राप्त भयो ?

५. सङ्ग्रहालय निर्माणगर्न यहि ठाउँ किन रोजियो ?

६. सङ्ग्रहालयलाई यहाँ सम्म ल्याईपुर्चाउन को को बाट सहयोग भयो ?

७. यो सङ्ग्रहालयले आफ्नो उद्देश्य अनुसारको उपलब्धि कत्तिको हासिल गरेको पाउनु भएको छ ?

८. यस सङ्ग्रहालयको राम्रो पक्ष र सुधारगर्नुपर्ने पक्षहरूको बारेमा केही बताइदिनुस न ?

९. आउँदा दिनहरूमा अझ प्रभावकारी रूपमा लानका लागि के कस्ता कार्यहरू गरेमा राम्रो हुन्थो जस्तो लाग्छ ।

१०. यस सङ्ग्रहालयले समाजप्रति पारेको सकरात्मक प्रभाव के के छन् ?

११. यस सङ्ग्रहालयको निर्माण पछि स्थानियले भोगेको समस्याहरू केही छन् कि ?

१२. स्थापनाकालमा द्वन्द भयो कि भएन ?

१३. सङ्ग्रहालय सम्बन्धी जानकारहरूले यहाँ केही कमी छ भनेको छ कि छैन ? कमी भए के के कमी छ भनेका छन् ?

१४. यहाँ सोध्न छुटाएको यस सङ्ग्रहालयको बारेमा केही भए भनिदिनुस न ?

**मुख्य सूचनादाताहरू**

१. झलक थापा : वहाँ यस सङ्ग्रहालयमा २ पटक सङ्ग्रहालय समितिको संयोजक हुनु भएको रहेछ ।

२. हरिध्वज तुलाचन : वहाँ यस सङ्ग्रहालयमा सङ्ग्रहालय समितिको सदस्य तथा सल्लाहकार हुनु भएको रहेछ ।

३. कमलमान गुरुङ्ग : वहाँ यस सङ्ग्रहालयमा सङ्ग्रहालय समितिको सदस्य भइसक्नु भएको र हाल सल्लाहकार पदमा रहनु भएको छ ।

४. जीवनराज सापकोटा : वहाँ यस सङ्ग्रहालयमा हाल सङ्ग्रहालय समितिको सदस्य पदमा रहनु भएको छ ।

५. शेषकान्त शर्मा : वहाँ यस सङ्ग्रहालय सँग सम्बन्धीत संस्था नेपाल पर्वतारोहण संघ अन्नपूर्ण शाखाको हाल सचिव पदमा हुनुहुन्छ ।

# अनुसूची ३

## अन्तर्वार्ताको क्रममा लिएका केही तस्वीरहरू













